मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ३६ ● २०८० साल पुष ०८ गते आइतबार ● Sunday 24, December 2023 ● सूर्योदयः बिहान ६:५१ बजे ● सूर्यास्तः साँझ ५:१८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## रौतहटमा ९९० करोड बेरुजु

### कर्मचारीले लगे २ अर्ब २१ करोड ५२ लाख

**अनिल पोखरेल**
**जनकपुरधाम ।**

महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९ अनुसार रौतहटका १८ पालिकामा ९ अर्ब ९० करोड ४४ लाख १९ हजार रुपैयाँ बेरुजु देखिएको छ । बेरुजुमध्ये जिल्लाका पालिकामा २०७९ असार ३२ गतेसम्म कार्यरत कार्यालय प्रमुख तथा लेखा प्रमुखका नाममा २ अर्ब २१ करोड ५२ लाख २५ हजार ३० रुपैयाँ बेरुजु देखिएको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ ।

| सि.नं. | रौतहटका स्थानीय तह | अद्यावधिक बेरुजु |
|---|---|---|
| १. | गौर नगरपालिका | २७ करोड ९४ लाख ७३ हजार रुपैयाँ |
| २. | ईशनाथ नगरपालिका | ८४ करोड २९ लाख ४२ हजार रुपैयाँ |
| ३. | कटहरिया नगरपालिका | ५८ करोड १९ लाख ३५ हजार रुपैयाँ |
| ४. | गढीमाई नगरपालिका | ६४ करोड १५ लाख ९८ हजार रुपैयाँ |
| ५. | गरुडा नगरपालिका | ५६ करोड २८ लाख ५० हजार रुपैयाँ |
| ६. | गुजरा नगरपालिका | ३६ करोड ४१ लाख ३९ हजार रुपैयाँ |
| ७. | चन्द्रपुर नगरपालिका | ७१ करोड ६१ लाख ७६ हजार रुपैयाँ |
| ८. | देवाही गोहनी नगरपालिका | ४८ करोड ५ लाख ५० हजार रुपैयाँ |
| ९. | परोहा नगरपालिका | ३४ करोड ८६ लाख ५७ हजार रुपैयाँ |
| १०. | फतुवा विजयपुर नगरपालिका | ६१ करोड ८६ लाख १२ हजार रुपैयाँ |
| ११. | बौधीमाई नगरपालिका | ५० करोड ३६ लाख ७९ हजार रुपैयाँ |
| १२. | माधव नारायण नगरपालिका | ३७ करोड ६३ लाख ९८ हजार रुपैयाँ |
| १३. | मौलापुर नगरपालिका | ६८ करोड ८२ लाख २५ हजार रुपैयाँ |
| १४. | राजदेवी नगरपालिका | ६६ करोड ८८ लाख ९० हजार रुपैयाँ |
| १५. | राजपुर नगरपालिका | ७८ करोड ६५ लाख १६ हजार रुपैयाँ |

*स्रोतः महालेखा*

लेखापरीक्षण प्रतिवेदनअनुसार सबैभन्दा बढी ईशनाथ नगरपालिकामा ८४ करोड २९ लाख ४२ हजार रुपैयाँ बेरुजु छ । दोस्रोमा राजपुर नगरपालिकामा ७८ करोड ६५ लाख १६ हजार रुपैयाँ बेरुजु देखिएको छ । पालिकाले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, फर्म, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजु फर्छयौट गर्ने व्यवस्था छ । सोही ऐनको दफा ८४ (२) (घ) बमोजिम बेरुजु फछर्यौट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भए पनि कुनै पनि प्रमुख प्रशासकीय अधिकृतले बेरुजु असुल गर्न तदारुकता नदेखाएको महालेखाको प्रतिवेदनले पुष्टि गरेको छ । बरु प्रमुख प्रशासकीय अधिकृतकै नाममा पो बेरुजु टन्नै छ ।
रौतहटका पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।
पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको पाइएको छ । यस्तै, आन्तरिक नियन्त्रण प्रणाली कमजोरलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनले औँल्याएको छ । धेरैजसो बेरुजु देखिएको रकमको शीर्षकमा प्रमाण कागजात पेस नगरेको, पेस्की बाँकी, असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने लगायत छन् ।
गौर नगरपालिकाको गत आर्थिक वर्षसम्म लेखापरीक्षणबाट २७ करोड १७ लाख ९१ हजार रुपैयाँ बेरुजु रहेकामा अद्यावधिक बेरुजु २७ करोड ९४ लाख ७३ हजार रुपैयाँ छ । साथै, गौर नगरपालिकामा कार्यरत कार्यालय प्रमुख सुभाषकुमार ठाकुर र लेखा प्रमुख सोहैल अन्सारीका नाममा १० करोड ७६ लाख ८२ हजार ७५ रुपैयाँ बेरुजु छ ।
ईशनाथ नगरपालिकामा गतवर्षसम्म ७६ करोड १३ लाख ४२ हजार रुपैयाँ बेरुजु देखिएको छ भने विगत वर्षदेखि हालसम्म अद्यावधिक बेरुजु ८४ करोड २९ लाख ४२ हजार रुपैयाँ छ । कार्यालय प्रमुख भूदेव झा, खिमबहादुर भुजेल र लेखा प्रमुख मनोज कुमार ठाकुरको नाममा ११ करोड ९१ लाख ७८ हजार १ सय १२ रुपैयाँ बेरुजु छ ।
कटहरिया नगरपालिकाको गत आर्थिक वर्षसम्म ३९ करोड ३३ लाख ४७ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ मा अद्यावधिक गर्दा ५८ करोड १९ लाख ३५ हजार रुपैयाँ बेरुजु छ । कार्यालय प्रमुख राम प्रकाश साह र लेखा प्रमुख विवेक कुमार सहनीका नाममा १८ करोड ८५ लाख ८७ हजार ८ सय ६१ रुपैयाँ बेरुजु रहेको छ ।
गढीमाई नगरपालिकाको अघिल्लो आर्थिक वर्षसम्ममा विभिन्न शीर्षकमा ५४ करोड १३ लाख २७ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ सम्ममा अद्यावधिकमा ६४ करोड १५ लाख ९८ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख नागेन्द्र यादव र लेखा प्रमुख कामेश्वर सहनीका नाममा १४ करोड ५९ लाख ५१ हजार ५ सय ७२ रुपैयाँ बेरुजु छ ।
गरुडा नगरपालिकाको गतवर्षसम्ममा ४४ करोड ८२ लाख १९ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौटसम्मको अद्यावधिकमा ५६ करोड २८ लाख ५० हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख रामबाबु राय यादव र लेखा प्रमुख कुमार ठाकुरका नाममा ११ करोड ४६ लाख ३० हजार ८ सय ९४ रुपैयाँ बेरुजु छ ।
गुजरा नगरपालिकामा २८ करोड ३० लाख २८ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ को लेखा परीक्षणबाट ३६ करोड ४१ लाख ३९ हजार रुपैयाँ बेरुजु देखिएको छ । कार्यालय प्रमुख विनोद कुमार जयसवाल र लेखा प्रमुख शैलेन्द्र कुमार श्रीवास्तवका नाममा ८ करोड ११ लाख ३ सय २१ रुपैयाँ बेरुजु रहेको छ ।
चन्द्रपुर नगरपालिकामा विगतका वर्षको ५४ करोड ८४ लाख ४२ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ को लेखा परीक्षणबाट ७१ करोड ६१ लाख ७६ हजार रुपैयाँ बेरुजु देखिएको छ । कार्यालय प्रमुखहरू सुरेन्द्र प्रधान, कृष्ण प्रसाद सिग्देल, हरिलाल पुरी र लेखा प्रमुख अपर्णा देवकोटाका नाममा १६ करोड ७७ लाख ३३ हजार ९ सय ९३ रुपैयाँ १६ पैसा बेरुजु छ ।
देवाही गोनाही नगरपालिकामा गतवर्षसम्म ४० करोड ६० लाख ४२ हजार रुपैयाँ बेरुजु रहेकामा आर्थिक वर्ष २०७८–७९ मा समायोजन र सम्परीक्षणबाट फछ्र्यौट गर्दा अद्यावधिक बेरुजु ४८ करोड ५ लाख ५० हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख वीरेन्द्र प्रसाद चन्द्रवंशी, मनोज कुमार यादव र लेखा प्रमुख प्रदिप कुमार यादवका नाममा ७ करोड ४५ लाख ८ हजार ८ रुपैयाँ बेरुजु छ ।
परोहा नगरपालिकामा गतवर्षसम्म २६ करोड ४९ लाख ९० हजार रुपैयाँ बेरुजु रहेकामा आर्थिक वर्ष २०७८–७९ सम्ममा आइपुग्दा अद्यावधिक बेरुजु ३४ करोड ८३ लाख ५७ रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख ओमप्रकाश यादव, मो. महफुज अहमद र लेखा प्रमुख शिवपुजन मण्डलका नाममा ८ करोड ३७ लाख ७६ हजार ४ सय ५४ रुपैयाँ बेरुजु छ ।
फतुवा विजयपुर नगरपालिकामा गतवर्षसम्मको लेखा परीक्षणबाट ४६ करोड ७५ लाख ८२ हजार रुपैयाँ बेरुजु छ । अद्यावधिक बेरुजु ६१ करोड ८६ लाख १२ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख प्रमोद कुमार गुप्ता, शम्भु कुमार यादव र लेखा प्रमुख नवीन कुमार यादवका नाममा १५ करोड २ लाख ९१ हजार ९ सय ४१ रुपैयाँ बेरुजु छ ।
बौधीमाई नगरपालिकामा गतवर्षसम्मको बेरुजु ४५ करोड ६८ लाख ९ हजार रुपैयाँ छ । अद्यावधिक बेरुजु ५० करोड ३६ लाख ७९ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख रामेश्वर राय यादव र लेखा प्रमुख अरबिन्द कुमार यादवका नाममा ८ करोड ६४ लाख २३ हजार ७ सय ९ रुपैयाँ बेरुजु छ ।
माधवनारायण नगरपालिकामा गतवर्षसम्मको लेखा परीक्षणबाट ३१ करोड ८१ लाख ३० हजार रुपैयाँ बेरुजु देखिएको छ । अद्यावधिक बेरुजु ३७ करोड ६३ लाख ९८ हजार रुपैयाँ छ । कार्यालय प्रमुख जियालाल राय यादव, प्रलभ कायस्थ र लेखा प्रमुख रामबलम यादवका नाममा ५ करोड ८२ लाख ६७ हजार ४ सय २५ रुपैयाँ बेरुजु छ ।
मौलापुर नगरपालिकामा गतवर्षको लेखा परीक्षण केलाउँदा ५१ करोड ७ लाख ३४ हजार रुपैयाँ बेरुजु देखिएकामा समायोजन र सम्परीक्षणबाट ५५ करोड १५ लाख ६५ हजार रुपैयाँ अद्यावधिक भएको छ । कार्यालय प्रमुख रामबाबु प्रसाद साह र लेखा प्रमुख जय प्रकाश महतोका नाममा १० करोड ५ लाख ९३ हजार ७ सय ५७ रुपैयाँ बेरुजु छ ।
राजदेवी नगरपालिकामा ५३ करोड ४६ लाख ३७ हजार बेरुजु देखिएको छ भने हालसम्मको अद्यावधिक बेरुजु ६६ करोड ८८ लाख ९० हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख सुबोध साह र लेखा प्रमुख नागेन्द्र साहका नाममा १३ करोड ४२ लाख ५२ हजार ८ सय ७८ रुपैयाँ बेरुजु छ ।
राजपुर नगरपालिकामा गतवर्षसम्मको लेखा परीक्षणमा ६५ करोड १६ लाख २५ हजार रुपैयाँ बेरुजु देखिएको छ भने अद्यावधिक बेरुजु ७८ करोड ६५ लाख १६ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख बैजु ठाकुर र लेखा प्रमुख मनोज राज कर्णका नाममा १३ करोड ९९ लाख ५३ हजार ६७ रुपैयाँ बेरुजु छ ।
दुर्गा भगवती गाउँपालिकामा गतवर्षसम्मको लेखा परीक्षणले ५७ करोड ९७ लाख ४१ हजार रुपैयाँ बेरुजु छ । ८ लाख ६ हजार फछर्यौट भएको छ । अद्यावधिक बेरुजु ६८ करोड ८२ लाख २५ हजार रुपैयाँ पुगेको छ । कार्यालय प्रमुख ओम प्रकाश यादव र लेखा प्रमुख विवेक कुमार सहनीका नाममा १० करोड ९२ लाख ८९ हजार ८ सय ७५ रुपैयाँ बेरुजु छ ।
यमुनामाई गाउँपालिकामा गतवर्षसम्मको लेखा परीक्षणले ३५ करोड ६७ लाख ४० हजार रुपैयाँ बेरुजु देखिएकामा ८ लाख ६ हजार फछर्यौट भएको छ । अद्यावधिक बेरुजु ४९ करोड ९८ लाख ३५ हजार रुपैयाँ छ । कार्यालय प्रमुख राम श्रेष्ठ, राय यादव र लेखा प्रमुख श्रीनारायण झाका नाममा १४ करोड ३० लाख ९५ हजार ३२ रुपैयाँ बेरुजु छ । फर्छयौट गर्न बाँकी सम्पूर्ण रकम असुल फर्छयौट गर्नु महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सुझाव दिएको छ ।
वृन्दावन नगरपालिकाको २०७८–७९ लेखा परीक्षण प्रतिवेदन सार्वजनिक भएको छैन । २०७७–७८ को लेखा प्रतिवेदनअनुसार ३९ करोड २३ लाख ७९ हजार रुपैयाँ बेरुजु छ । कार्यालय प्रमुख नागेन्द्र राय यादव र लेखा प्रमुख सिताराम पालका नाममा २० करोड ९९ लाख १७ हजार ७२ रुपैयाँ बेरुजु छ ।

## विनादर्ता अस्पताल सञ्चालन

### स्वास्थ्य सेवाका नाममा बदमासी

**एसपी गौरव**
**सर्लाही ।**

पत्याउनु हुन्छ, एउटा पालिकमा भएका सबै स्वास्थ्य संस्थाले केन्द्र, प्रदेश र स्थानीय तहको कानुनलाई धज्जी उडाउँदै स्वास्थ्य सेवाका नाममा बदमासी गरिरहेका छन् । हो, राजमार्गमै जोडिएको लालबन्दी नगरपालिकामा सञ्चालनमा रहेका ६९ स्वास्थ्य संस्थाले जनतालाई सेवा दिने नाममा गैरकानुनीरुपमा उपचार र औषधी सेवा दिइरहेको पाइएको छ । रमाइलो त यो छ कि, नगरपालिकाको स्वास्थ्य शाखाका साथै सामाजिक विकास समितिले नगरभित्र सञ्चालित यस्तै निजी स्वास्थ्य संस्था अनुगमन गरी कारबाही अघि बढाउँदै बन्द गर्न पत्राचार गरेको १५ दिन भइसकेको छ । तर एउटा पनि स्वास्थ्य संस्थाले अझै मापदण्ड पूरा गरेका छैनन्, सेवा बन्द गरेका छैनन् । नगरपालिकाले नै यसरी निर्बाध गैरकानुनी ढंगले सञ्चालनमा छुट दिइरहने हो भने मधेशमा दर्ता नगरी स्वास्थ्य संस्था चलाउन चाहनेहरुका लागि अब लालबन्दी जति राम्रो ठाउँ अन्त कहाँ हुन सक्छ ?
केहीदिन पहिला निजी स्वास्थ्य संस्था स्थलगत अनुगमनमा मापदण्ड पूरा नगरेका दर्जनौँ संस्था बन्द गर्ने निर्णय गरेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।
नगरभित्र सञ्चालित ६९ निजी अस्पताल, पोलिक्लिनिक, मेडिको क्लिनिक, औषधी पसल, दाँत उपचार क्लिनिक, नाक, कान, आँखा उपचार क्लिनिकका साथै आयुर्वेदिक क्लिनिक अनुगमन गर्दा सबै मापदण्ड पुगेका कुनै पनि निजी स्वास्थ्य संस्था नरहेको पाइएको भए पनि सामान्य समस्या रहेकाबाहेकका निजी स्वास्थ्य संस्था पूर्णरुपमा बन्द गर्न सामाजिक विकास समितिले मंसिर १९ गते नै निर्णय गरेको हो ।
तर निर्णयको १५ दिन भइसक्दा पनि त्यस्ता निजी स्वास्थ्य संस्था खुलेआम चलिरहेका छन् । लालबन्दी नगरपालिका–१ स्थित नवलपुरमा रहेको जया हेल्थ क्लिनिकको युएसजी, ओमनिका हेल्थ केयरको औषधी पसल, जयमाता दी हेल्थ केयरले कुनै पनि कागजात पेश नगरेकाले पूर्ण रुपमा बन्द, सञ्जीवनी स्माइल डेन्टल क्लिनिकले कुनै पनि कागजात पेश नगरेकोले बन्द गर्ने निर्णय भएको थियो ।
यस्तै, सर्लाही अप्टिकल हबले कुनै पनि कागजात पेश नगरेकाले बन्द गर्ने, सर्लाही लाइफलाइनले व्यवसाय दर्ता नगर्नुका साथै हरेक सेवा सञ्चालनबापतको शुल्क बुझाउन भनिएको, संजय कुमार औषधालयको कुनै पनि कागजात नभएकाले पूर्णरुपमा बन्द गर्न भनिएको थियो ।
यस्तै, नवलपुर मोडेल अस्पतालले आवश्यक कागजात पेश नगरेको र जनशक्तिसमेत नरहेकाले पूर्णरुपमा बन्द, सत्यलोक आयुर्वेद क्लिनिकलाई व्यवसाय दर्ता गर्न पत्राचार, सत्यनाम हेल्थ केयर नवलपुरलाई व्यवसाय गर्दा गर्न पत्राचार, रक्षा हेल्थकेयरले आवश्यक कागजात पेश नगरेकाले पूर्णरुपमा बन्द गर्न पत्रचार भएको थियो । टेक्सास हेल्थकेयर पोलिक्लिनिकले आवश्यक मापदण्ड पूरा नगरेकोले बन्द गर्न, सर्लाही हेल्थकेयर पोलिक्लिनिकको आवश्यक मापदण्ड पूरा नभएकाले बन्द गर्न, मनिषा हेल्थकेयरलाई व्यवसाय नवीकरण र दर्ता गर्न पत्राचार गर्ने निर्णय भएको थियो ।
उसको औषधी पसल पूर्णरुपमा बन्द गर्न भनिएको थियो ।
यस्तै, बि एण्ड आर हस्पिटल मापदण्ड पूरा नगरेकाले बन्द, दीपक उपचार केन्द्रले आवश्यक कागजात पेश नगरेकाले बन्द, अनिष मेडिकल हललाई व्यवसाय दर्ता गर्न पत्राचार, लक्ष्मी डिजिटल एक्सरेले आवश्यक कागजात पेश नगरेकाले बन्द गर्ने निर्णय सामाजिक विकास समितिको मंसिर १९ गते बसेको बैठकले गरेको नगर स्वास्थ्य शाखा प्रमुख मुमताज मिक्रानीले जानकारी दए ।
उनका अनुसार, लालबन्दी मोडेल अस्पताललाई व्यवसाय दर्ता गर्न पत्राचार, लालबन्दी स्टार हस्पिटलले आवश्यक कागजात पेश नगरेकाले बन्द, लहान आँखा उपचार केन्द्र प्रदेशमा आवश्यक कागजात पेश गर्न पत्राचार, आरोही डेण्टल क्लिनिकले आवश्यक कागजात पेश नगरेकाले बन्द, गाउँमैत्री अस्पतालले आवश्यक कागजात पेश नगरेकाले बन्द, सिद्धार्थ हेल्थ केयर लालबन्दीलाई व्यवसाय दर्ता गर्न पत्राचार गर्ने निर्णय भएको थियो । यस्तै, ओम स्प्यासिलिस्ट हस्पिटललाई स्थलगत अनुगमन गरी प्रतिवेदनका आधारमा निर्णय गरिने, लालबन्दी सिटी पोलिक्लिनिक नगरमा व्यवसाय दर्ता गर्न र प्रदेशमा नवीकरणका लागि आवश्यक कागजात पेश गर्न पत्राचार गर्ने निर्णय भएको थियो ।
यस्तै, नेपाल हेल्थ क्लिनिकको अनुगमन गरी प्रतिवेदनका आधारमा निर्णय गरिने, आकाश डिजिटल एक्सरे प्रदेशमा अनुमतिका लागि पत्राचार, गढीमाई अस्पतालले पेश गरेको कागजात अनुसार जनशक्ति नरहेकाले बन्द, निरौला मेडिकल हल आवश्यक कागजात पेश गर्न पत्राचार, मानवी फार्मेसी अनुगमन गरी प्रतिवेदनका आधारमा निर्णय गर्ने तय भएको थियो । चौधरी मेडिकल हल आवश्यक कागजातसहित व्यवसाय दर्ता गर्न पत्राचार, शान्ता फार्मेसी आवश्यक कागजातसहित व्यवसाय दर्ता गर्न पत्राचार, जनसेवा एक्सरेले आवश्यक कागजात पेश नगरेकाले बन्द, चित्रलेखा आयुर्वेदले आवश्यक कागजात पेश नगरेकाले बन्दको निर्णय भएको थियो ।
यस्तै, कृष्ण अप्टिकलले आवश्यक कागजात पेश नगरेकाले बन्द, ज्ञानगंगा फार्मेसीको अनुगमन गरिने, रञ्जना मेडिकल हलले आवश्यक कागजात पेश नगरेकाले बन्द, हंश योग आयुर्वेदिकले आवश्यक कागजात पेश नगरेकाले बन्द, ग्लोबल आँखा एण्ड कान उपचार केन्द्रले आवश्यक कागजात पेश नगरेकोले बन्द, ओम शान्ति मेडिकललाई व्यवसाय दर्ता गर्न पत्राचार, सूर्योदय लाइफकेयरलाई व्यवसाय दर्ता गर्न पत्राचार गर्ने निर्णय भएको थियो । यस्तै, आसियाना फार्मेसीलाई व्यवसाय दर्ता गर्न पत्राचार, रोशन हेल्थक्लिनिकले आवश्यक कागजात औषधी व्यवस्था विभागमा पेश गर्न पत्राचार र श्री सिद्धि आयु आयुर्वेद क्लिनिकले आवश्यक कागजात पेश नगरेकाले बन्द गर्ने निर्णय गरेको नगर स्वास्थ्य शाखाका रोशन चौधरीले जानकारी दिए ।
भानु अञ्जली हस्पिटलले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, जय भवानी हेल्थकेयरले अनुमति नलिएको र फार्मेसी दर्ता नगरेको पाइएको थियो । यस्तै, जनता गोल्डेन ब्राइटफ्युचर क्लिनिकले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, श्याम होमियो चिकित्सालयले व्यवसाय नवीकरण नगरेको, मनिष प्याथोलोजी एक्सरेले अनुमति

*बाँकी पृष्ठ २ मा*

विगत लामो समयदेखि निरन्तर सेवा दिंदै स्तरवृद्धि गर्दै आईरहेको BHC अस्पतालले नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट मधेश प्रदेशकै प्रथम विशिष्टकृत अस्पताल (Super Speciality Hospital) दर्ता भएकोमा यस अस्पतालमा सेवा दिदैं आईरहनु भएका सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ ।

विशिष्टकृत अस्पताल
SUPER SPECIALITY HOSPITAL



BIRGUNJ HEALTH CARE
SUPER SPECIALITY HOSPITAL
Bahuwari-14, Birgunj, Contact :- 9814292004
info@bhhospital.com www.bhchospital.com

# नेकपा एसको केन्द्रीय कमिटी बैठकको मिति तय

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी)को ७०औँ केन्द्रीय सचिवालय बैठकले यही पुस ११ देखि १३ गतेसम्म केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा शनिबार केन्द्रीय कार्यालयमा बसेको बैठकले पार्टीको प्रस्तावित विधानको मस्यौदा केन्द्रीय कमिटीको बैठकमा लैजाने निर्णय गरिएको पार्टीका उपमहासचिव एवं पार्टी प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए ।
मस्यौदाको धारा उपधारामाथि छलफल गरिएको बैठकमा थप छलफल आवश्यक रहेकाले केन्द्रीय कमिटी बैठकबाट निर्णय लिन लागिएको हो । सचिवालय बैठकले केन्द्रीय कमिटी बैठकको तयारीमा जुट्न निर्देशन दिएको छ ।

यही पुस ९ र १० गते तय गरिएको स्थायी कमिटीको बैठकलाई केन्द्रीय कमिटी बैठकमा समायोजन गर्ने बैठकले निर्णय गरेको छ । त्यसैगरी बैठकले कलेजो, किड्नी ट्रान्सप्लान्टजस्ता जटिल रोगलाई दृष्टिगत गर्दै पार्टीका नेता कार्यकर्तालाई अङ्गदान गर्न आह्वान गर्ने निर्णय समेत गरेको छ ।

# राष्ट्र सङ्कटपूर्ण घडीमा उभिएको छः देउवा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्र सङ्कटपूर्ण अवस्थामा उभिएकाले कांग्रेस पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

नेपाली कांग्रेस बागमती प्रदेशको पहिलो सम्मेलन शनिबार उद्घाटन गर्दै सभापति देउवाले भने, 'राष्ट्र अहिले दोधारमा उभिएको छ, अहिलेको बेला सबैले मिलेर र खासगरी कांग्रेसले नेतृत्वदायी भूमिकामा बसेर काम गर्न जरुरी रहेको छ ।'
पूर्वप्रधानमन्त्री देउवाले गणतान्त्रिक लोकतान्त्रिक व्यवस्था महत्वपूर्ण भएको दाबी गर्दै यो व्यवस्था समावेशितामा आधारित व्यवस्था भएको बताए । उनले पार्टीलाई अझै सुदृढ गर्दै तल्लोस्तरबाटै पूर्णरूपमा प्रतिबद्ध गराई बलियो बनाउन लाग्नुपर्ने बताए । कांग्रेस उपसभापति धनराज गुरुङले संसद् सञ्चालन हुन ढिलो भए अध्यादेशमार्फत सङ्घीय निजामती ऐन ल्याउने बताए । उनले सङ्घीय प्रहरी ऐन, सङ्घीय कर्मचारी ऐन र शिक्षा विधेयक संसद् सञ्चालन हुन ढिलो भए अध्यादेशमार्फत ल्याउने स्पष्ट पारे । उनले स्थानीय तहलाई अधिकारसम्पन्न बनाउन छिट्टै सङ्घीय कानुनहरू पारित गर्ने तयारीमा रहेको बताए । उनले कांग्रेसको आनीबानी र व्यवहारमा सुदृढ गर्न आवश्यक रहेको जिकिर गरे । पार्टी महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसको प्रदेश सम्मेलन भइरहँदा हरेक ठाउँमा प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्ने माग उठेको भन्दै प्रदेश सरकारले राखेका माग पूरा गर्न पार्टी र सरकार लाग्नुपर्ने बताए । उनले कांग्रेस महासमिति बैठकसम्म अधिकार सम्पन्न बनाउने गरी कानुन आएन भने महासमितिको बैठकबाट निर्णय गरेर कांग्रेसले सिंहदरबार घेर्ने बताए ।
कार्यक्रममा बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले केन्द्रले प्रदेशलाई अधिकार दिन कन्जुस्याइँ गरेको बताए ।
सम्मेलनमा बागमती प्रदेशका १३ जिल्लाका ६६ सङ्घीय निर्वाचन क्षेत्रका करिब सात सय ८२ जना प्रदेश प्रतिनिधि, बागमती प्रदेशका सङ्घीय सांसद, प्रदेशसभा सदस्य, प्रतिनिधिसभा क्षेत्रीय सभापति, नगरपालिका/गाउँपालिकामा निर्वाचित प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष तथा बागमती प्रदेशका एक सय १९ पालिका सभापतिको सहभागिता थियो ।

# 'गणतन्त्रको विकल्पमा राजतन्त्रको वकालत गर्नु गलत'

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले गणतन्त्र कार्यान्वयनका क्रममा आएका झिना–मसिना समस्या देखाएर राजतन्त्रको वकालत गर्नु कुनै पनि अर्थमा जायज नहुने बताएका छन् ।
नेताको विकल्प अझ राम्रो नेता र पार्टीहरूको विकल्प अझ राम्रो पार्टी हुन सक्ने भए पनि गणतन्त्रको विकल्पमा राजतन्त्र हुन नसक्ने उनको भनाइ छ ।
माओवादी केन्द्रको चन्द्रागिरि नगरपालिका–२ मा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'राजतन्त्रको अन्त्य र संविधान जारी गरेसँगै जनवादी क्रान्ति पूरा भयो तर जनताको अवस्थामा सुधार आएको छैन । जनताको जीवनस्तर सुधार गरेर जानुपर्छ । हामी त्यसमा लागिपरेका छौँ ।' गणतन्त्र प्राप्तिपछि देशमा सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्यायजस्ता विषय स्थापित गरेको तर आर्थिक समृद्धिको काम अझै बाँकी रहेको उनको कथन छ ।
आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले गरेको कामको प्रशंसा गर्दै उनले अन्य सरकार र अन्य नेताले गर्न नसकेको सामाजिक सुरक्षा, सुशासन, राष्ट्रियता र समृद्धिका पक्षमा राम्रा काम भएको बताए । 'अध्यक्ष प्रचण्ड नेतृत्वको वर्तमान सरकारले सामाजिक न्याय, सुशासन, समृद्धिका क्षेत्रमा राम्रो काम गरेको छ' उनले भने, 'मध्यपहाडी राजमार्ग माओवादीले बनाएको हो । तर त्यसलाई पनि एमालेले दाबी गरिरहेको छ । नौवटा लोकमार्ग बनाउने कुरा हाम्रो घोषणापत्रमा उल्लेख भएको छ । बाटो चौडा पार्ने, लोडसेडिङ हटाउने काम माओवादीले गरेको हो ।'
पूर्वमन्त्री पुनले आफ्नो पार्टी भ्रष्टाचार, कालोबजारीविरुद्ध निर्मम रूपमा प्रस्तुत भएको समेत उल्लेख गरे । 'यही पुस १० गते अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भएको एक वर्ष पुग्दैछ । आफ्नो सचिवालय, मन्त्री, सल्लाहकार फेर्छु तर पछि हट्दिनँ, देश र जनताको पक्षमा काम गर्छु भन्नुभएको छ । परिणाम निकाल्छु भन्नुभएको छ । पार्टीले उहाँलाई साथ दिएको छ', सम्मेलनका सहभागीलाई प्रशिक्षण दिँदै नेता पुनले भने ।

चन्द्रागिरि–२ माओवादी जनप्रतिनिधिले स्थानीय चुनावमा जितेको वडा हो । माओवादीको रुपान्तरण अभियानको उद्घाटनका क्रममा अध्यक्ष प्रचण्ड सोही वडामा पुगेर कार्यक्रमको उद्घाटन गरेका थिए ।
विगतको कमजोरी सुधार गर्दै माओवादीहरू एक हुने बाटोमा अघि बढिरहेको नेता पुनले बताए । विगतका गल्ती महशुस गरेर माओवादी धारहरूको एकताका लागि प्रयास भइरहेको उनको भनाइ थियो ।

# ठगी खानेलाई होइन, गरिखानेलाई ऋण दिनुहोस्ः गभर्नर

**रासस**
**चितवन ।**
नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले ठगी खानेलाई नभई गरी खानेलाई ऋण दिन बैंकर्सहरूलाई आग्रह गरेका छन् । नेपाल बैंकर्स सङ्घको ३७औँ वार्षिक कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै उनले गरी खाने र ठगी खाने छुट्याएर ऋण प्रवाह गर्नुपर्नेमा जोड दिए । आफूले शनिबार चितवनको पशु फार्म अवलोकन गरेको बताउँदै गभर्नर अधिकारीले भने, 'उक्त फार्म ५० लाख रुपैयाँ ऋणमा एक सय सातवटा गाईभैंसी पालेर मासिक छ लाख रुपैयाँ आम्दानी गरेको रहेछ । यो राम्रो काम हो ।' ठगी खानेहरूले यत्तिको फार्म देखाएर करोडौँ ऋण लिने गरेको उनले बताए । बैंकहरूलाई अर्को बैंकको ऋणी



तान्नुभन्दा पनि नयाँ व्यवसायी जन्माउन आग्रह गर्दै गभर्नर अधिकारीले भने, 'वर्षमा यति व्यवसायी नयाँ जन्माएँ भन्ने गर्व गर्ने वातावरण बनाउनुहोस् ।' बैंकहरूमा लगानीका लागि तरलताको अभाव नभएको भन्दै उनले विदेशी मुद्रा सञ्चिति पर्याप्त रहेको बताए । सङ्घका अध्यक्ष एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसी र सङ्घका उपाध्यक्ष माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले बैंकहरूको वर्तमान अवस्थाका बारेमा जानकारी गराएका थिए । सङ्घका कार्यकारी निर्देशक अनिल शर्माले पछिल्लो समय सङ्घले गरेको क्रियाकलापका बारेमा जानकारी दिएका थिए । सो अवसरमा बैंकहरूबाट प्रमुख कार्यकारी अधिकृतका रूपमा रहेर कार्यकाल सम्पन्न गर्नुभएका बैंक अफ काठमाडौँका श्रवण मास्के र नेपाल बैंक लिमिटेडका कृष्णबहादुर अधिकारीलाई सम्मान गरिएको थियो । यसैगरी बैंकिङसँगै विभिन्न क्षेत्रमा रहेर सेवा पुर्याउने कुलचन्द्र गौतमलाई सम्मान घोषणा गरिएको थियो । सङ्घमा पाँच नयाँ सदस्य चुनिएका छन् । सङ्घको सदस्यमा प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, प्राइम कमर्सियल बैंकका प्रमुख कार्यकारी अधिकृत सञ्जीव मानन्धर, सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेल, सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डे र राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ चयन भएका छन् ।

# रवि लामिछानेलाई खोया प्रहार



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई लक्षित गर्दै पोखरामा मकैको खोया प्रहार भएको छ ।
लमजुङको राइनास गाउँपालिका स्थायी ठेगाना भएका सन्तोष रानाभाटले रविलाई लक्षित गर्दै मकैको खोया प्रहार गरेका हुन् । रानाभाटलाई जिल्ला प्रहरी कार्यालय कास्कीले नियन्त्रणमा लिएको छ ।

पोखरामा राष्ट्रिय स्वतन्त्र पार्टीले आयोजना गरेको कार्यक्रममा सभापति लामिछानेले मन्तव्य राखिरहेका बेला मञ्चमा उनलाई लक्षित गरी खोया प्रहार भएको थियो, तर उनलाई लागेन ।

मन्तव्य राखिरहेकै बेला खोया मगाएर रविले खोया हान्ने व्यक्तिलाई केही नगर्न आफ्ना कार्यकर्ता र सुरक्षाकर्मीलाई आग्रह गरेका थिए । उनले खोया प्रहार आफूलाई चेतावनी भएको बताएका छन् ।

# चार सय ३५ शिक्षक माग



**मधेशदृष्टि**
**वीरगंज ।**
शिक्षक सेवा आयोगले माध्यमिक तहमा ४३५ शिक्षक माग गर्दैछ । पदमा दरखास्त दिन चाहनेका लागि आइतबार विहान १० बजेदेखि नै अनलाइन फारम भर्न सकिने व्यवस्था छ ।

शिक्षकको विज्ञापन गत वर्ष जस्तै प्रदेशगत रुपमा माग गर्ने आयोगको तयारी छ ।
माध्यमिक शिक्षकमा दरखास्त दिन नेपाली, सामाजिक, अर्थशास्त्र र संस्कृत विषयमा आवदेन फारम भर्नेले सम्बन्धित विषयमा स्नातक उतीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिनाको तालिम लिएको हुनुपर्नेछ ।

तर अंग्रेजी, गणित, विज्ञान, कार्यालय सञ्चालन तथा लेखा र कम्प्युटर विज्ञानमा फारम भर्न चाहनेले भने शिक्षा विषयको तालिम नलिए पनि दरखास्त दिन सक्नेछन् ।
विज्ञापनमा माघ ८ गतेसम्म नियमित दस्तुर तिरेर फारम भर्न सकिने र त्यसपछि माघ १५ गतेसम्म दोब्बर दस्तुर तिरेर फारम भर्न सकिने आयोग स्रोतको भनाइ छ ।
शिक्षक सेवा आयोगले गत वर्ष ७१८ माध्यमिक शिक्षक माग गरेको थियो ।

# राजनीतिक धुव्रीकरण आवश्यकः पोखरेल

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले राजनीतिक धुव्रीकरण आवश्यक रहेको बताएका छन् । ललितपुर च्यासलस्थित एमाले पार्टी कार्यालयमा शनिबार बागमती प्रदेश सम्पर्क कमिटीको दोस्रो अधिवेशन उद्घाटन गर्दै उनले नीतिगत श्रेष्ठताका आधारमा राजनीतिक नेतृत्व ध्रुवीकरण हुनुपर्ने बताए ।
'देश बनाउने हो भने राजनीतिक ध्रुवीकरण अपरिहार्य छ', महासचिव पोखरेलले भने । उनले जनताले विकास र परिवर्तन खोजेको भन्दै देशको विकास र समृद्धिका लागि एमालेको विकल्प नभएको दाबी गरे ।
महासचिव पोखरेलले भने, 'देश जोगाउने र स्वाधिनता बलियो बनाउने हो भने एमाले रोज्नुपर्छ ।' मुलुकलाई नीतिगत पथमा डोर्याउन नसकेसम्म लोकतन्त्र सही बाटोमा जान नसक्ने उनको भनाइ छ । महासचिव पोखरेलले मुलुकलाई अगाडि बढाउन आर्थिक, सामाजिक विकास र रुपान्तरणको कामलाई तीव्रता दिनुपर्ने बताए ।

# विनादर्ता अस्पताल सञ्चालन...

नलिएको र व्यवसाय दर्ता नगरेको भेटिएको थियो । अनुगमनमा नवीन प्याथोलोजिले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, सागर प्याथोलोजीले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, ओम बुद्ध क्लिनिकले आवश्यक कागजात पेश नगरेको पाइएको थियो ।

यस्तै, सत्यम् आयुर्वेद क्लिनिकले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, रवी डेण्टल क्लिनिकले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, एमटी एभरेष्ट डेण्टल क्लिनिकले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको भेटिएको थियो । अनुगमनमा सर्लाही डेण्टल क्लिनिकले कुनै पनि कागजात पेश नगरेको, बम्जन फार्मेसीले आवश्यक कागजात पेश नगरेको, न्यु स्माइल डेण्टल केयरले आवश्यक कागजात पेश नगरेको, प्रेम डेण्टल क्लिनिकले क्लिनिक बन्द गरेको निवेदन दिएको, चौधरी क्लिनिकले आवश्यक कागजात पेश नगरेको भेटिएको थियो ।

यस्तै, रिंकु फार्मेसीलाई व्यवसाय नवीकरण गर्न पत्राचार, मेडिकेयर ट्रमा सेन्टर एण्ड मल्टी स्पेसियालिटी हस्पिटलले अनुमति नलिएको र व्यवसाय दर्ता नगरेको, यूनिक सर्जिकलले फार्मेसी दर्ता नगरेको, आस्था क्लिनिकले व्यवसाय दर्ता नगरेको पाइएको थियो नगर स्वास्थ्य शाखाका रोशन चौधरीले सञ्चालन गरेको रोशन क्लिनिकले पनि अनुमति नलिएको, फार्मेसी दर्ता नगरेको र व्यवसाय दर्ता नगरेको पाइएको सामाजिक विकास समितिले जनाएको छ ।

सामाजिक विकास समितिले अनुगमन गरेका ६९ वटा निजी स्वास्थ्य संस्थामा कुनै न कुनै कमीकमजोरी रहेको र मापदण्ड पूरा नगरेको पाइएको भए पनि समितिले आफैँले गरेको निर्णय कार्यन्वयन गर्न मौन देखिएको छ ।
नगरपालिकाको अनुगमन समिति र स्वास्थ्य शाखाले गरेको स्थलगत अनुगमनपछि निजी स्वास्थ्य संस्थाको आवश्यक सम्पूर्ण कागजात पेश गर्न निर्देशन दिइएको थियो । तर सामाजिक विकास समिति र नगर स्वास्थ्य शाखाको निर्देशनलाई लालबन्दीका निजी स्वास्थ्य संस्थाले बेवास्ता गरेको पाइएको छ ।

लालबन्दी नगरपालिकाकी नगर उपप्रमुख एवम अनुगमन समिति संयोजक कल्पना माया पाख्रिनको अध्यक्षतामा मंसिर १९ गते बसेको सामाजिक विकास समिति र विषयगत समितिले लालबन्दी नगरपालिकाको अनुगमन समिति र नगर स्वास्थ्य शाखाले मागेको आवश्यक कागजात पेश नगरेका, मापदण्ड पूरा नगरेका र जनशक्ति नभएका निजी स्वास्थ्य संस्थाको प्रतिवेदन बनाई नगर प्रमुख बासुदेव अधिकारीमार्फत पुनः सामाजिक विकास समितिको बैठकमा पेश गरिएको नगर स्वास्थ्य शाखाले जनाएको छ ।

लामो समयदेखि सञ्चालनमा रहेका केही निजी स्वास्थ्य संस्था र हालसालै सञ्चालनमा आएका निजी स्वास्थ्य संस्थाले सामान्य मापदण्ड पनि पूरा नगरेर नागरिकको स्वास्थ्यमा खेलवाड गरिरहेको पाइएको छ । नगरका निजी स्वास्थ्य संस्थाको पटकपटक अनुमगन गरिए पनि बन्द नै गर्ने निर्णय नहुँदा उनीहरुले उन्मुक्ति पाउँदै आएका थिए । आवश्यक मापदण्ड र जनशक्तिसमेत नराखी नगरपालिकाको मुटुमा निजी स्वास्थ्य संस्था सञ्चालन भइरहेको पाइए पनि लालबन्दी नगरपालिका, नगरपालिकाको स्वास्थ्य शाखा र सामाजिक विकास समिति यसअघि बेखबर र तमासे बनेको थियो । यस पटक पनि अनुगमन समितिले मापदण्ड नपुगेका, कागजात नभएका र जनशक्ति नभएका निजी स्वास्थ्य संस्थामाथि कारबाही गर्नेमा शंका सृजना भएको स्थानीय बताउँछन् ।

# कृषि सहकारीको साधारण सभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढि नगरपालिका वडा नं. ३ स्थित सुशासन साना किसान कृषि सहकारी संस्था पाचौँ वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष बिन्दु देवी थरुनीको अध्यक्षतामा भएको सभाको उद्घघाटनगर्दै पर्सा क्षेत्र नम्बर २ का सांसद अजय कुमार चौरसियाले सहकारीमा लागेका महिलाहरुलाई ऋण लिएर अन्य कार्यमा खर्च नगरी उत्पादन मुलक कार्यमा लगानी गर्न अनुरोध गरे । कार्यक्रममा प्रदेश सभा सदस्य श्याम पटेलले स्थानीय महिलाले अधिकार मात्र माग्ने नभई कार्य गरेर देखाउने भएकाले खुसी लागेको बताए ।
कार्यक्रममा पर्सागढिका नगरप्रमुख गोकर्ण पाठक, नेपाली कांग्रेस जिल्ला कार्य समितिका उपसभापति अशोक गुप्ता, पर्सागढिका पूर्वप्रमुख लोकनारायण यादव, पूर्व उपप्रमुख अर्चना चौधरी, साना किसान कृषि सहकारी उदयपुर घुर्मीका अध्यक्ष विरेन्द्र प्रसाद कर्ण लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# नारायणी अस्पतालका अध्यक्ष गुप्ता सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका नेता तथा पूर्व प्रधानमन्त्री स्वर्गीय गिरिजा प्रसाद कोईराला फाउण्डेशनले नारायणी अस्पताल विकास समितिका नव नियुक्त अध्यक्ष धिरज गुप्तालाई सम्मान गरेको छ । फाउण्डेशनका पर्सा शाखा अध्यक्ष समेत रहेका अध्यक्ष गुप्तालाई शनिबार एक कार्यक्रमकाबीच सम्मानित गरिएको हो । फाउण्डेशन मधेश प्रदेशका संयोजक मोहम्मद सहाबुद्दिनको अध्यक्षतामा शाखाका सदस्य तथा पदाधिकारीहरुको उपस्थितिमा गुप्तालाई सम्मान गरिएको थियो । कार्यक्रममा मिन्टु देवी सिंह, सन्तोष सिंह, जितेन्द्र सिंह, मनोहर साह, शेख निजामुद्दिन, महम्मद अफताब आलम, अनवर हुसेन, अगनड चौरसिया लगायतको उपस्थिति रहेको थियो ।

# ३ महिलासहित ६४ जनाले गरे रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
न्यु टाइगर क्लब वीरगंजले आयोजना गरेको खुल्ला रक्तदानमा ३महिलासहित ६४ जनाले रक्तदान गरेका छन् । क्लबका सदस्य स्वर्गीय सुरज कुमार कानुको स्मृतिमा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन समाजसेवी छविलाल साह कानुले गरेका थिए ।
रक्त सञ्चार केन्द्र वीरगंजको प्राविधिक सहयोगमा भएको रक्तदानमा क्लबका अध्यक्ष रविकुमार गुप्ता, ललन प्रसाद चौरसिया, अनिल कुमार गुप्ता, अमितराज साह, मनिष प्रजापति, संदीप गुप्ता, राजन गुप्ता, रोहित गुप्ता, राजेश गुप्ता लगायतको सहभागिता रहेको थियो ।

# राउण्ड टेबलको च्यारेटी शो

**मधेशदृष्टि**
**वीरगंज ।**
राउण्ड टेबलले वीरगंजको क्यूएफएक्समा च्यारेटी शोको आयोजना गरेको छ ।
क्यूएफएक्समावीरगंजराउण्ड टेबल ३ ले शाहरुख खान अभिनित चलचित्र डंकीको च्यारेटी शो गरेको हो । च्यारेटी शोबाट संकलित रकम विद्यालयको भवन निर्माणमा खर्च गर्ने राउण्ड टेबल वीरगंजले जनाएको छ ।

# उद्योग वाणिज्य संघको कामप्रति व्यवसायीअसन्तुष्ट




**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको कामप्रति व्यवसायीहरूले असन्तुष्टि जनाएका छन् । जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघमा नवनिर्वाचित पदाधिकारीहरूले व्यापारीहरूको हकहितका लागि केही गर्न नसकेपछि नगर उद्योग वाणिज्य संघमा आबद्ध रहेका व्यवसायीहरू असन्तुष्ट बन्दै गएका छन् ।निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य संघ मानिन्छ । यस संस्थाले उद्योगी, व्यापारी र व्यवसायीहरूको हकहित र सम्बर्धन तथा संरक्षणका लागि काम गर्दछ । तर जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघले उद्योग वाणिज्य संघको नीति नियममा भएअनुसार कार्य जीतपुरसिमरा उपमहानगरपालिकामा काम नगरेको व्यवसायीहरुको गुनासो छ । संघको कामप्रति व्यवसायी मात्र होइन्, जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको पदाधिकारी नै असन्तुष्ट बन्दै गएका छन् । संघको केही पदाधिकारीले नगर उद्योग वाणिज्य संघको हकहितका लागि काम गर्न छोडेर आफ्नो हकहितका लागि मात्र काम गर्ने गरेको व्यवसायीहरुको आरोप छ । जिल्लाको उद्योग वाणिज्य संघको गति सुस्त भएको बेला जीतपुरसिमराको उद्योग वाणिज्यसँग पनि सुस्त बन्दै गएको छ । जीतपुरसिमरा नगरउद्योग वाणिज्य संघमा आफ्नो व्यवसाय दर्ता गराए बापत व्यवसायीहरूले समयमा कर तिर्ने गरेको भए पनिसंघले अहिलेसम्म जीतपुरसिमरा उपमहानगरपालिकाको व्यवसायीहरूका लागि के गरेको हो भनेर व्यवसायीहरूले प्रश्नसमेत गर्न थालेका छन् ।संघका पदाधिकारीहरूले व्यवसायीको हकहितका लागि काम गर्नुभन्दा बढी सामाजिक सञ्जालमा आफ्नो प्रचारबाजी बढी गर्ने गरेको व्यवसायहीहरको बताउँछन् ।

# विभिन्न पार्टी परित्याग गरी एमाले प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाउँपालिकामासयौं जनानेकपा एमालेमा प्रवेश गरेका छन् ।शनिबार नेपाली कांग्रेस र जसपा पार्टी परित्याग गरी उनीहरु एमालेप्रवेश गरेका हुन् । गाउँपालिकाको वडा नं–३ जयमंगलापुरमा आयोजना गरेको सम्मान तथा पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथि नेकपा एमालेका जिल्ला ईन्चार्ज सांसद प्रभु हजराले नेपाली कांग्रेस र जसपा पार्टी प्रत्याग गरी आउनेलाई अविर, फुलमाला र खादा लगाएर पार्टी प्रवेश गराएका हुन् । जसपा परित्याग गरी गाउँपालिका वडा नं २ का धुरेन्द्र साह, पूर्व शिक्षक भरत साह कानु लगायत ५१ जना र नेपाली कांग्रेसबाट वडा नं–५ का सुदीप महतो केवटको नेतृत्वमा ५१ जना, वडा नं–४ तुल्सीवर्वाका सगिर मियाँ,अनि साहको अगुवाईमा ५१ जना एमाले प्रवेश गरेका छन् । त्यसैगरी वडा नं–१ मिर्जापुरबाट कपिलदेव यादव,नरेश यादवको नेतृत्वमा ५५ जना, वडा नं–३ बाट ४५ जना गरी एमाले प्रवेश गरेका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै सांसद हजराले वर्तमान सरकारलाई कुपोषण लागेको सरकारको शंज्ञा दिए । उनलेसरकारले भ्रष्टाचार बाहेक कुनै काम राम्रोसँग गर्न नसकेको भन्दै यो सरकारबाट कुनै आशा गर्न नह्वे बताए ।सरकारले देशलाई मन्दी र बेरोजगारीबाहेक केही दिन नसकेको टिप्पणी गर्दै अब देश र जनतालाई बचाउने पार्टी एमाले बाहेक अरु कुनै शक्ति नभएको दाबी गरे ।नेकपा एमालेको मिशन २०८४ पूरा गर्न संघ, प्रदेश र स्थानीय तहमा कडा मिहेनतका साथ पार्टी काममा खट्न नेता तथा कार्यकर्तालाई आग्रह गरे । उनले छिपहरमाईमा जस्तै देशैभरी नेकपा एमाले नै चाहिन्छ भन्दै पार्टी प्रवेश गर्नेकोलहर चलेकोले एमालेको सरकार पुनः नेतृत्वमा आउने दाबी गरे । नेकपा एमाले छिपहरमाई गाउँपालिका कमिटी उपाध्यक्ष किशोरी साह कानुको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला ईन्चार्ज विश्वम्भर शर्मा, संविधान सभा सदस्य जयप्रकाश थारु, केन्द्रीय सदस्य जालिम मियाँ, नेकपा एमाले जिल्ला सचिव एवम् छिपहरमाई गाउँपालिका अध्यक्ष मनोज गुप्तालगायत नेताले नवप्रवेशीहरुलाई अविर, फुलमाला र खादा ओढाएर पार्टी प्रवेश गराउँदै स्वागत गरेका थिए ।

# राप्रपाको वडा कमिटी गठन



**मधेशदृष्टि**
**बारा ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कलैया वडा कमिटी गठन गरिएको छ । शनिबार कलैया उपमहानगरपालिका–२३ भतौडा टोलमा २५ सदस्यीय वडा कमिटी गठन गरिएको हो ।
कमिटीको अध्यक्षमा रामदेव राउत कुर्मी, उपाध्यक्षमा भरत महतो कोइरी, सचिवमा ओमप्रकाश साह कानु, सहसचिवमा रघुनाथ दुबे, कोषाध्यक्षमा मन्शी राउत कुर्मी र सदस्यहरूमा विश्वनाथ साह कानु, इश्वर साह कानु, महिला सदस्यमा चन्दा देवी चमइन, पतिया देवी चमइन, गोरियादेवी चमइन, शान्ति देवी चमइन, मेनवा देवी कनुइनलगायत २५ सदस्यीय कमिटी गठन गरिएको हो । राप्रपा पार्टीका जिल्ला अध्यक्ष महाबिर प्रसाद यादवको सभापतित्वमा वडा कमिटी गठन गरिएको हो । कमिटी गठन कार्यक्रममा राप्रपा पार्टीका क्षेत्र नं. ४ का अध्यक्ष जलिल देवान, क्षेत्र नं. २ (क) का अध्यक्ष बनारसी कुशवाहा, कलैया उपमहानगरपालिकाका अध्यक्ष देवनारायण साहलगायतको उपस्थिती रहेको थियो ।

# भारतबाट बालकको उद्दार



**मधेशदृष्टि**
**रौतहट।**
जिल्लाको विभिन्न पालिकामा घरभई लामो समयदेखि भारतको मुम्बईस्थित बालगृहमा रहेको ८ जना बालकलाई उद्दार गरी परिवारको जिम्मा लगाइएको छ ।
स्थानीय दुर्गाभगवती गाउँपालिका ,इशानाथ र राजपुर नगरपालिकालगायत स्थानीय तहका ८ जना बालबालिकालाई शनिवार अभिभावकको जिम्मा लगाइएको हा । जिल्ला प्रहरी कार्यालय गौरमा प्रहरीको रोहवरमा बालकहरुलाई अभिभावकको जिम्मा लगाइएको हो । विगत करिब ४ महिनादेखि  भारतको मुम्बई मटुन्गास्थित बालगृहमा ती बालबालिकालाई राखिएको थियो ।
उद्दार गरी अभिभावकको जिम्मा लगाईएको बालकहरु १३ देखि १६ वर्षा उमेर समूहका छन् । विभिन्न बहानामा भारतको मुम्बई पुगेका बालकहरुलाई विभिन्न ब्याग फैक्ट्रीहरुमा काममा लगाइएको थियो । मुम्बई प्रहरीले ब्याग फैक्ट्रीमा छापामारी गर्दै बालकहरुको उद्दार गरेको थियो । उदार पछिती बालकहरुलाई मुम्बईको मटुङ्गमा रहेको बाल गृहमा राखिएको थियो । १८ वर्ष उमेर नपुगेसम्म बालबालिकालाई काममा लगाउनु गैर कानुनी रहेकोले प्रहरीले विभिन्न कारखानाहरुमा कारवाही गर्दै आएको छ ।
नेपालका बालकहरु बालगृहमा फसेको सूचना पाएपछि बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुको संयुक्त प्रयासमा उद्दारगरी बालकहरुलाई परिवारको जिम्मा लगाइएको हो ।
ग्रामिण विकास केन्द्र  नेपाल गौर, सामुदायिक विकास तथा सचेतना नेपाल मकवानपुर, राष्ट्रिय बाल अधिकार परिषद र जिल्लास्थित सरकारी निकायहरुको समन्वयमा बालकहरुको उद्दारगरिएको थियो । उद्दारको क्रममा मुम्बई पुगेकी ग्रामिण विकास केन्द्र नेपाल रौतहटकी कोषाध्यक्ष ममता झाले बालकहरुलाई परिवारको जिम्मा लगाइएको बताइन् ।

# स्तन क्यान्सर सचेतना कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको त्रिजुद्ध माध्यमिक विद्यालयमा विद्यालय शिक्षिकाहरूको लागि १ दिने स्तन क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ। अवध नारायान उमा देबी मेमोरियल फाउन्डेसन, वीरगंजले आयोजना गरेको सचेतना कार्यक्रममा ६० जना शिक्षिकालाई स्तन क्यान्सर सम्बन्धी जानकारी गराइएको थियो ।
स्तन क्यान्सर विशेषज्ञ डा. विकास साह र स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. सम्मी कर्णले शिक्षिकाहरुलाई स्तन क्यान्सर सम्बन्धी जानकारी गराएका थिए । फाउन्डेसनकी निर्देशक डा. पुष्पा कर्णको अध्यक्षतामा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, महानगरका शिक्षा शाखा अधिकृत अरबिन्द लाल कर्ण,  त्रिजुद माविका प्रधानाध्यापक नविन मिश्रा, डा. विकास साह, अनिल पटेल, विधिचन सहनी, सरोज पटेल, प्रेम पटेललगायतको उपस्थिति रहेको थियो ।

# सर्लाहीमा चिनी मिलमा उखु क्रसिङ थालियो



**मधेशदृष्टि**
**हरिवन ।**
सर्लाहीमा चिनी मिल सञ्चालकले उखु क्रसिङ थालेका छन् । यहाँका तीनवटा चिनी मिलमध्ये दुईवटाले उखु क्रसिङ सुरु गरेका हुन् । हरिवन नगरपालिका–११ स्थित इन्दुशङ्कर चिनी उद्योग र महालक्ष्मी चिनी उद्योग बगदहले चालु यामका लागि उखुको क्रसिङ सुरु गरेका छन् ।
अन्नपूर्ण चिनी मिल धनकौलले भने अझै उखु क्रसिङ सुरु गरेको छैन । गत मङ्सिर २६ गतेदेखि चालु यामको उखु क्रसिङको तयारी थालेको इन्दुशङ्करले जिल्लाका उखु उत्पादक किसानले आन्दोलन थालेपछि उखु उत्पादक किसानको आग्रहलाई स्वीकार गर्दै केही समय क्रसिङ रोकेको उद्योगका उखु प्रबन्धक योगनारायण रजकले जानकारी दिए ।
मङ्सिर २६ गतेदेखि नै उखु क्रसिङ थाल्ने उद्योगको तयारी थियो । उखु उत्पादक किसानले राज्यले चालु यामका लागि उखुको मूल्य निर्धारण नगरेको र गत वर्ष उखु बिक्री गरेका उखु उत्पादक किसानलाई दिनुपर्ने अनुदानबापतको ५२ करोड रुपैयाँ हालसम्म पनि भुक्तानी नगरेको भन्दै आन्दोलन गरेका थिए ।
उखु उत्पादक किसानको सहमतिमा चालु यामको क्रसिङ सुरु गरिएको प्रबन्धक रजकको भनाइ छ । उनका अनुसार उद्योगले चालु याममा करिब ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । उद्योगले गत वर्ष २८ लाख २० हजार क्विन्टल उखु क्रसिङ गरेको थियो । यस्तै महालक्ष्मी चिनी उद्योग बगदहले पनि उखु क्रसिङ थालेको छ । सरकारले यस वर्षका लागि उखुको मूल्य प्रतिक्विन्टल छ सय ३५ निर्धारण गरेको छ । मूल्य निर्धारणप्रति उखु उत्पादक किसान असहमत रहेका नेपाल उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताए ।

# मोटरसाइकल पुलमा ठोकिँदा दुई युवकको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
वीरगंज–कलैया सडक खण्ड अन्तरगत बाराको दुधौरा पुलमा शुक्रबार राति मोटरसाईकल दुर्घटनामा दुई युवकको मृत्यु भएको छ । बाराको प्रसौनी गाउँपालिका वडा नम्बर २ स्थित दुधौरा पुलमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको ज्यान गएको हो । दुर्घटनामा कलैया उपमहानगरपालिका वडा नम्बर–१३ बलिरामपुरका २३ वर्षीय कुन्दन मेहता र कलैया उपमहानगरपालिका वडा नम्बर–१२ शितलपुरका २२ वर्षीय अभिमन्यु कुशवाहाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् डिएसपी दधिराम न्यौपानेले बताए । दुर्घटनामा मृत्यु भएका कुन्दन मेहता कलैया उपमहानगरपालिका वडा नमबर–१३ का वडाअध्यक्ष राजेश मेहताका छोरा हुन् ।कलैयाबाट वीरगंजतर्फ जादैँ गरेको मधेस प्रदेश ०३–०३० प ४३९८ नम्बरको मोटरसाइकल राति१२:१० बजे पुलमा ठोक्किएर दुर्घटना भएको प्रवक्ता न्यौपानेले जानकारी दिए । दुर्घटनापछि गम्भीर घाइते भएका कुन्दनको गण्डकस्थित एलएस न्युरो अस्पतालमा र अभिमन्युको वीरगंजस्थित नेशनल मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको न्यौपानेले बताए ।



**अभिमुखीकरण कार्यक्रम**
राष्ट्रिय सूचना आयोगको समन्वयमा शनिबार सिरहाको कृषि ज्ञान केन्द्र तालिम हलमा आयोजित सूचनाको हक सम्बन्धी अन्तरक्रियात्मक तथा अभिमुखीकरण कार्यक्रममा सहभागीहरु ।
तस्बिरः लोकेन्द्र प्रसाद यादव/रासस

हाम्रा आचरणहरु जीवनपदतिसँग जोडिनु पर्छ र जीवन चैँ आचरण सुधारमा केन्द्रित बन्नुपर्छ।
–जोन एन मिचेल

## सम्पादकीय

# बग्रेल्ती बेरुजु

मधेशका जिल्लाहरुको बेरुजुलाई हामी लगातार समाचार बनाइरहेका छौँ । केही हप्तादेखि निरन्तर मधेशका जिल्लागत बेरुजुको समाचार दिइरहँदा मधेशको अनुहार जनताले हेरिरहेका छन् । हरेक पालिकामा बेरुजु बढ्दो छ । कसैले पनि बेरुजु घटाएका छैनन् । सप्तरी, सिरहा, धनुषा, बारा, पर्सा हुँदै रौतहटको बेरुजुको विवरण बाहिर आएको छ । बेरुजु पालिकाको करोडमा छ । हरेक वर्ष करोडौँ रुपैयाँ बेरुजु बढिरहेको छ । अद्यावधिक बेरुजु हेर्दा स्थानीय तहमा सबैभन्दा बढी अनियमितता देखिन्छ । यो अनियमितताको शृंखलामा स्थानीय तह हाँक्ने, त्यहाँबाट पेश्की लिएर हिँड्नेहरु चैँ कारबाहीमै नपर्ने जस्तो पनि देखिन्छ । सबैभन्दा रमाइलो त कर्मचारी र जनप्रतिनिधिमा होड देखिन्छ कि, कसका नाममा बढी बेरुजु बढाउने ? यो होडले विकासका नाममा पैसा बाँड्ने र फछ्र्यौटमा चासो नदिने क्रम बढिरहेको छ । यो क्रम अरु बढेर स्थानीय तहमा विकृति संस्थागत गर्ने काम भइरहेको महसुस भएको छ । बेलैमा यसको उपचार खोज्नु पर्ने अवस्था छ ।

बेलगाम बेरुजुको आँकडा हेर्दा कैयौँ बाटोघाटो, पुल बन्न सक्ने पैसा बेरुजुमा देखिन्छ । महालेखाको प्रतिवेदनले पनि यही भनिरहेको छ कि, यो बेरुजुको आँकडामा असुलका लागि कोही त तयार हुनै पर्छ । उसो त बेरुजु असुलको पहल गर्ने प्रमुख तालकुदार प्रमुख प्रशासकीय अधिकृत नै हो । आर्थिक अनुशासन कायम गराउने काम लेखा अधिकृतको हो । कागजात नपुगी भुक्तानी रोक्ने काममा लेखाको परामर्शमा प्रमुख प्रशासकीयले सबैभन्दा बढी ख्याल गर्नु पर्ने विषय हो । तर हामीले सार्वजनिक गरिरहेको तथ्यांकमा चैँ ठ्याक्कै यसको उल्टो छ । अर्थात् जनप्रतिनिधिका नाममा भन्दा बढी बेरुजु प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको नाममा पो छ । त्यसैले बेरुजु उठाउने दायित्व भुलेर उनीहरु पनि सकेसम्म बेरुजु बढाएर सरुवा भएको देखिन्छ । यस्तो आर्थिक कलंकमा जोडिएकाहरु अरु कार्यालयमा मुद्दामा फस्ने तर स्थानीय तहमा भने फाइलमा थन्किएर बस्ने भएकाले पनि स्थानीय तहमा बेरुजु बढ्दो छ । कर्मचारी र जनप्रतिनिधि बेरुजु बढाउन प्रतिस्पर्धा गरिरहेका छन् ।

बेरुजु कसरी घटाउने ? आफन्त र नजिकका लाई रकम र योजना दिएर भइरहेको बेलगाम बदमासीमा खबरदारी जरुरी देखिएको छ । यो क्रम घटाउँदै लैजाने अभियान चलाउन नागरिक समाज नै सक्रिय हुन जरुरी छ । अर्कातिर निर्वाचनका बेला यस्तो बेरुजु राख्नेहरुलाई उम्मेदवार हुन रोक्नु पर्ने अवस्था छ । उसो त कर्मचारीलाई पनि सरुवा बढुवा हुँदा बेरुजु सफाचट पारेर मात्र अवसर दिने व्यवस्था गरिन जरुरी छ । बेरुजु घटाउन अभियानमा जनचेतनामूलक कार्य जरुरी छ । जस्तो बर्दियाको गेरुवा स्थानीय तहको प्रत्येक कोठामा लेखिएको छ, ‘कर्मचारी र पूर्व जनप्रतिनिधिज्यूहरु, तपाईंका नाममा पेश्की छ भने कृपया कोठाभित्र छिर्न मनाही छ ।’ त्यहाँको पालिकाले गरेजस्तै खबरदारी मधेशका स्थानीय तहमा पनि गर्ने हो कि ? मधेशमा चैँ यस्तो गर्ने भन्दा पनि खबरदारीका नाममा सम्बन्ध बढाएर उल्टै रकम बेरुजु गराउनेहरुको गिरोहले पो बरु सहयोग गरिरहेको पनि केही पालिकामा देखिएको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# त्रिविको शैक्षिक गुणस्तरमा नजर


डा. रामसागर पंडित



शिक्षा गुणस्तरहीन हुँदा रोजगारीको सट्टा बेरोजगारीलाई बढाउँछ। अहिले नेपालमा शैक्षिक संस्थाहरूले उत्पादन गरेका जनशक्तिमाथि गुणस्तर बारे देशव्यापी बहस छिरेको देखिन्छ। यसबारे शिक्षाविद्हरू आ–आफ्ना ढंगले आफ्ना विचार पोखिरहेका छन् । कतिको विचारमा के देखिन्छ भने ‘शिक्षा सबैका लागि’ हुनुपर्छ। यसमध्ये कै कतिको के भनाइ छ भने प्राथमिक शिक्षा सबैका लागि, मा.शिक्षामा केही छाटिएको विद्यार्थीका लागि तथा उच्च शिक्षा छानिएका विद्यार्थीका लागि हुनुपर्छ । तर त्रिवि जस्तो अग्रपक्तिमा उभिएको संस्थाले उच्च शिक्षामा सबैलाई मौका दिनु भनेको शैक्षिक गुणस्तरमा धक्का लाग्नु हो। हामी यस्ता विधि प्रयोग गरेर संख्यामा बृद्धि गर्न सक्छौं तर यसको विपरीत गुणस्तर खास्किँदै जानेलाई कसैले रोक्न सक्दैन । शिक्षाको अन्तिम उद्देश्य स्पर्धी जनशक्ति उत्पादन गर्ने हुनुपर्छ । अहिले शिक्षामा पनि विश्वव्यापीकरणको प्रतिस्पर्धामा जानु पर्ने हुन्छ । त्यहाँ यदि हाम्रा विद्यार्थीले कुशलतापूर्वक कम्पलीट गर्न सकेन भने शिक्षाको लगानी खेर जानसक्छ।

अहिले समय निकै गतिशील छ। यस गतिशीलतालाई समात्न सकेन भने हाम्रा विद्यार्थी सधैंका लागि पछि पर्न सक्छ । यसबारे विद्यार्थीले मात्र होइन, यिनीहरूका अभिभावकहरू समेत सचेत हुनुपर्छ। जसको अभिभावक शुरूदेखि आफ्ना सन्तानमाथि निगरानी राखेका छन् उनका विद्यार्थी सामान्यतः विग्रेको देखिँदैन। विद्यार्थीलाई भगवान भरोसे छोडेर पूर्णरुपेण विद्यालयमाथि मात्र निर्भर हुन दिनु भनेको विद्यार्थीलाई विस्तारै गुणस्तरहीन बनाउनु हो। एउटा अभिभावकले सदैव आफ्नो विद्यार्थीलाई हेरचाह गर्ने जिम्मेवारी लिनु पर्छ। शिक्षाबारे प्रसिद्ध शिक्षा दार्शनिक ‘जाँन लक’ को भनाइ एकदम उपयुक्त देखिन्छ। “बोटविरुवाहरू गोडमेलद्वारा विकसित हुन्छ भने मानिस शिक्षाद्वारा” बोटविरुवालाई विकसित पार्न देखभालको जसरी अतिआवश्यक हुन्छ भने विद्यार्थीलाई शिक्षित पार्न अभिभावकीय देखभालको आवश्यकता पर्छ । नेपालमा अभिभावकको अभाव हुँदै गएका छन् किनभने नेपाली युवाहरू विदेशिन थालेका छन्। गाउँमा केटाकेटी र बुढाबुढीहरू मात्र भेट्छन्। यसबाट आउने सन्ततीहरू अभिभावक विहीन बन्दै गएका छन्।

त्रिविको ४९ औं दीक्षान्त समारोह पौष २ गते सम्पन्न भएको छ । यस समारोहमा त्रिविका पदाधिकारीले धैरै विद्यार्थी अध्ययन गर्ने र दीक्षित हुने विश्वविद्यालयका रूपमा विश्व कीर्तिमान कायम गरेको कुरामा बढी ध्यान गएको देखियो । विश्वकीर्तिमान कायम गर्नु राम्रो पक्ष हो । तर संख्यात्मकको सट्टा गुणात्मक पक्ष खस्किँदै गएको देखिन्छ । त्रिवि नेपालको सबै विश्वविद्यालयहरूको नेतृत्व गर्ने संस्था हो। यस दीक्षान्त समारोहमा २०७९ जेठदेखि २०८० असारसम्म विभिन्न संकायबाट उतिर्ण गरेका ७३ हजार ७ सय ४८ छात्रछात्रा सोमबार दीक्षित भएका छन्। यसमा आवेदन दिएकामध्ये १२ हजार ४ सय १५ विद्यार्थी सहभागी भएका कुरा त्रिवि परीक्षा नियन्त्रण कार्यालयबाट जानकारी गराइएको छ । यो संख्या विश्वकै अन्य विश्वविद्यालयभन्दा बढी रहेका कुरा सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयको दावी छ।

विश्वमा नै सबैभन्दा धैरै विद्यार्थी दीक्षित गर्ने विश्वविद्यालयका रूपमा अफिसियल बल्ड रेकर्ड नामक एक संस्थाले त्रिविलाई प्रमाणपत्र प्रदान गरेको छ। यसैलाई आधार बनाइ गिनिज बुक अफ बल्ड रेकर्डमा समेत रेकर्ड कायम गर्ने प्रयासमा लागेको छ। कतिपय पत्रिकाले त्यस संस्थामाथि नै शंका प्रकट गरेका छन् । उनीहरूका भनाइ अनुसार नाम र काम नै थाहा नभएको संस्थाको आधिकारिकतामाथि नै प्रश्न चिन्ह खडा भएको छ। यस कुरालाई धैरै विद्वानहरूले आलोचना गरेका छन्। दीक्षान्त कार्यक्रम भनेको एउटा यस्तो कार्यक्रम हो जसमा उतिर्ण भएका सम्पूर्ण विद्यार्थीलाई दीक्षित गरिन्छ। एकातिर विद्यार्थी संख्या बढ्नु राम्रो भएतापनि गुणस्तरलाई स्थिर नराख्न सक्नु भने दुःखद कुरा रहेको देखिन्छ।

त्रिविको गुणस्तरीयतामा ह्रास भएको देखिन्छ। टाइम्स हायर एजुकेशनले सन २०२४ का लागि गरेको सार्वजनिक सर्वेक्षण प्रतिवेदनले विगतको भन्दा त्रिविको वरीयता कमजोर भएको कुरा उल्लेख गरेको छ। त्रिविले ५ सयभित्र पर्ने लक्ष्य र योजना बनाएको भएपनि सो अुनसारको नतिजा प्राप्त गर्न सकेको छैन। यस संस्थाले आफ्नो मापन विद्यार्थी संख्या, प्राध्यापक, कर्मचारी, भौतिक साधन, शिक्षण विधि, अनुसन्धान, साइटेसन, विदेशी विद्यार्थी, आर्थिक गतिविधि, अन्तर्राष्ट्रियस्तर लगायतका विषयमा मापदण्ड तोकेर मूल्यांकन गर्दै आएको छ।

यस संस्थाले सन् २०१९ देखि त्रिविलाई सर्बेक्षणमा सहभागी गराउँदै आएको छ। त्यसबेलादेखि त्रिविको गुणस्तर राम्रै मानिन्थ्यो। त्रिविको सर्वेक्षण स्कोरमा एक हजार विश्वविद्यालयमा पर्दै आएको थियो । सर्बेक्षणले त्रिविको अनुसन्धान वातवारण सबैभन्दा बढी कमजोर देखिएको छ। अनुसन्धान वातावरणमा ८.२, शिक्षण सिकाइमा ११.३, अनुसंधान गुणस्तरमा ४९.५, उद्योग र उत्पादनमा १५.९ र अन्तर्राष्ट्रिय गुणस्तरमा ४६.६ स्कोर मात्र पाएको छ। यसरी स्कोर घट्दा विश्वविद्यालयसँग सम्बन्धित सबै पक्ष दोषी देखिन्छन्। शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक र सरकार माथि यस्तो दोष थुप्रिन जान्छ। त्रिविमा चार वर्ष भित्र ४ सयभन्दा बढी दिन तालाबन्दी मात्र भएको थियो। यस्ता तालाबन्दी गर्ने कुनै बाहिरका निकाय थिएनन्। तालाबन्दी गर्ने यसै विश्वविद्यालयका छात्राछात्राहरू थिए। जति पार्टी छन् त्यति विद्यार्थी संगठन छन्। सबैको पार्टीगत स्वार्थ आ–आफ्नै किसिमका छन्। त्यसलाई कुनै प्रशासनले पूरा गर्न सक्दैन। यसमा पार्टीहरूको डाइरेक्ट उक्साहट रहन्छ । जहाँसम्म सरकारको कुरो छ, प्रत्येक विश्वविद्यालयमा बाँटफाँट गरेर पदाधिकारीको ठाउँ भर्ने गर्छन। यस्ता कुरामा खुल्ला प्रतियोगिताबाट स्वच्छ छविलाई राख्नु पर्ने थियो तर सरकारमा सामेल पार्टीहरूका मान्छेलाई मात्र नियुक्ति गरिन्छ जसले गर्दा अन्य पार्टीसँग आबद्ध रहेका विद्यार्थीहरू सोझो रूपले विरोधमा उत्रन्छन्।

अर्कोतिर जुनदिनदेखि बहुदलवादी पार्टीहरूको सरकार बनेको छ । सोही दिनदेखि विश्वविद्यालयलाई बाँटेर आ–आफ्ना पार्टीका भातृसंगठनबाट छनौट गरेर पद पूर्ति गर्दै आएका छन् । विश्वविद्यालय त उच्च शिक्षाका विद्याको मन्दिर कहलाउँछ। यस्ता संस्थालाई राजनीतिभन्दा अलग्गै राख्नु पर्छ । सोझो रूपले नै प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरू आ–आफ्ना पार्टीको कुरालाई त्यहाँ छिराउन चाहन्छन्। कहिले काँही त एक–आपसमा झैझगडा गरी ज्यान लिने समेत काम गरेको देखिन्छ। यस्ता कुराले विश्वविद्यालयले कहिले आफ्नो उद्देश्यलाई पूरा गर्न सक्छ ? यस्ता रबैया देखेर नेपालका प्राज्ञहरू धैरै चिन्तित देखिन्छन् । तर यस्ताकुरोको कुनै पर्बाह नगरी आफ्नै तालमा पार्टीहरू भर्नाका केन्द्र बनाएका छन्।

अर्कोतिर शिक्षक समयमा भर्ना नहुनु, वार्षिक क्यालेन्डर अनुसार विद्यार्थी भर्ना नहुनु, समयमा पढाइ नसक्नु, कर्मचारीको अभाव रहनु, पाठ्यपुस्तक समय अनुसार उपलब्ध हुननसक्नु पाठ्यक्रम पुरानै हुनुले पनि गुणस्तरमा कमी आएको देखिन्छ । जहाँसम्म त्रिवि पदाधिकारीहरूले गुणस्तरमा कुने कमी आएको छैन भने भाषण गर्नु सुहाउँदैन। केहि नयाँ विषय थप्नु सकारात्मक कुरा भएपनि यसबारे विस्तृत छलफल हुनु पनि नितान्त आवश्यक रहेको देखिन्छ। विश्वविद्यालयले केही नयाँ विषयको नाम तोकेर कार्यक्रम सुरू गर्ने कुरा पनि दीक्षान्त सभारोहकै मंचबाट नै योग विज्ञान, आयुर्वेद विज्ञान, माउन्टेन पर्यटन र माउन्टेन साइन्स रहेका छन् । अर्कोतिर प्रधानमन्त्रीले आफ्नो मन्तव्यमा उपकुलपतिको नियुक्ति भागबन्डाको आधारले होइन, मेरिटको आधारमा हुने कुरा प्रकट गर्नु भएको कुरा एकदमै सराहनीय देखिन्छ। अर्कोतिर वहाँले शिक्षालाई सर्वसुलभ बनाउँदै प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने नीति सरकारले लिएको बताए। वहाँले पनि अन्तमा के सुझाव दिनुभयो भने त्रिविले संख्यात्मक बृद्धिबाट माथि उठेर गुणस्तरीय शिक्षा आजको अनिवार्य आवश्यकता हो भने बुझिदिनु पर्छ।

त्रिवि शिक्षामा छात्राहरू पनि अब्बल हुँदै आएको कुरालाई प्रमाणित गरेकी छिन् । हालै भएको त्रिविको दीक्षान्त समारोहलाई हेर्दा स्नातक, स्नातकोत्तर, र एमफिल तहमा २०७७ र २०७८ सालमा सर्वोत्कृष्ट नतिजा ल्याएर पदक पुरस्कार पाउनेमा छात्राको सङ्ख्या धैरै रहेको छ । सोमबार दशरथ रंगशालामा त्रिविको ४९ औं दीक्षान्त समारोहमा २७ वटा पदक र पुरस्कार बितरणमा १६ वटा छात्राहरूले मात्र पाएकी छिन्। निम्न शिक्षामा पनि छात्राहरूको संख्या ह्वातै बढेको देखिन्छ । नेपालमा अर्को समस्याके देखिन्छ भने नेपालबाट हजारौं विद्यार्थी प्रत्येक साल विदेशी संस्थाहरूमा पढन देश छाडेर गइरहेका छन्। उनीहरूको मूल उद्देश्य के लिएका छन् भने हामी त्यही ‘लर्न’ र ‘अर्न’ गर्न गइरहेका छौं । नेपालमा त्यस्तो शैक्षिक प्रणाली नरहेकोले पनि विद्यार्थीहरू विदेशिन थालेका छन् । यसरी यस्ता विदेशमा शिक्षा आर्जन गर्न जाँदा करौडौंमा नेपाली रूपैया बहिएका छन् । यतातिर पनि सरकारको ध्यान जानु जसरी छ।

त्रिविलाई सुधार गर्न सबै सम्बन्धित निकायहरूलाई सचेत हुनु जरुरी छ। त्रिविलाई आजको समय अनुसार सुधार गर्दै जानु पर्छ। निम्न शिक्षामा समयानुसार शिक्षकको योग्यता बढाउँदै लगेको छ । यता पनि कम्तिमा न्यूनतम् योग्यता पीएच.डी. राख्नु पर्ने हो । विश्वविद्यालयलाई अनुसन्धानमुखी बनाउन विद्यावारिधि (पीएच.डीं) हुनै पर्ने देखिन्छ । शिक्षक नियुक्ति गर्दा त्रिवि सेवा आयोगबाट सिफारिस भएका शिक्षकलाई मात्र नियुक्ति गर्नुपर्छ । विभिन्न बाटोबाट हुने नियुक्तिलाई तुरुन्त बन्द गर्नु पर्छ। विश्वविद्यालयलाई अनुसन्धान स्थल बनाउनु पर्छ । अहिलेको समय अनुसन्धानको समय हो । अर्कोतिर कुनै विभागमा विद्यार्थीको संख्या कम हुँदैमा बन्द गर्नु हुँदैन । समय अनुसार पाठ्यक्रमलाई समेत परिवर्तन गर्दै जानु पर्छ। कुनै केन्द्रीय विभागमा विद्यार्थी संख्या न्यून हुनुमा विषयलाई आधुनिक नबनाउन सक्नु पनि एउटा कारण देखिन्छ।

गुणस्तरीय शिक्षा उकास्न अनुसन्धान संस्कृतिमा जोड दिनु पर्छ । त्रिविमा कार्यरत प्राज्ञहरूले त्रिविमा जागिर पाए पनि त्रिविलाई दोश्रो दर्जामा राखेर निजी क्याम्पसहरूतिर दिनभर दौडिरहनु पनि त्रिविको गुणस्तर घटाउने काम गरेको देखिन्छ। जुन संस्थाले जीवनको ग्यारेन्टी लिएको छ त्यसलाई वास्ता नगरेर दिनभर दौडिरहनु कति इमान्दारिता हो ? विचारणीय कुरो रहेछ । पहिले पहिले प्रत्येक केन्द्रीय विभागदेखि क्याम्पसहरू समेत आ–आफ्नै जर्नलहरू निकाल्थे भने हाल अधिकांश विभाग र क्याम्पसहरू जर्नल निकाल्ने काम बन्द गरेको देखिन्छ। त्यतिमात्र कहाँ हो र ! त्रिवि आंगिक क्याम्पसहरू लथालिङ्ग बनेका छन्। दिनप्रतिदिन यी संस्थाहरू खस्किँदै गएका छन्। शिक्षकको अभाव हुन थालेको छ । विश्वविद्यालयले शिक्षक पठाउन छोडेको छ । पुनर्ताजगी तालिमहरू विल्कुलै बन्द गरेको छ।

मानविकी तथा सामाजिक शास्त्र संकायका विषयहरू खस्किँदो अवस्थामा देखिन्छ । यी विषयहरूलाई उठाउन समयको माँग अनुसार नयाँ÷नयाँ विषय थप्दै जानु पर्छ। समयको बदलिँदो अवस्थालाई ख्याल गर्नु पर्छ। शिक्षकलाई बाहिर पठाउने कुरालाई शतप्रतिशत बन्द गर्नु पर्छ । उनीहरूलाई अनुसन्धानको अवसर दिनुपर्छ। अनुसन्धानको कुरामा विश्वविद्यालय पनि दोषी छ। परीक्षा प्रणालीलाई सुधार्नु पर्छ। अहिले प्रत्येक क्याम्पसमा चोरी हुन थालेका छन् । शिक्षकलाई टेर्न छाडेका छन् । यसलाई रोक्न बैकल्पिक उपाय निकाल्नु पर्छ। थेसिस लिखाइमा सुधार हुनुपर्छ। अहिले बढी जसो विद्यार्थीहरूले नक्कल गरेर नै थेसिस तयार गरेका हुन्छन्। यस्ता विद्यार्थी भोली कहिँकतै पनि अवसर पाउन सक्दैन। अन्तमा बेरोजगार भएर जीवन बिताउन बाध्य हुन्छन् । यसरी शिक्षामा पूर्णरुपेण सुधारको आवश्यकता देखिन्छ।

निष्कर्षमा भन्नुपर्दा त्रिवि सबैभन्दा जेठो संस्था भएकोले आफ्नो साखलाई जोगाइ राख्नु पर्छ। संख्या बृद्धि गरेर मात्र हुँदैन, गुणस्तरमा समेत जोड दिनु पर्छ । आजको विश्वव्यापीकरणको अवस्थामा प्रतिस्पर्धा गर्न विश्वस्तरकै गुणस्तर हुनुपर्छ । यदि गुणस्तरमा बृद्धि भयो भने हाल लगभग न्यून रहेको विदेशी विद्यार्थीको संख्यामा बृद्धि हुन सक्छ। विदेशी विद्यार्थी बढ्नु भनेको एउटा ठूलो उपलब्धी हो । यहाँबाट हजारौं विद्यार्थी बंग्लादेशका विश्वविद्यालयहरूमा अध्ययन गर्न गएका छन्। हामीले पनि शिक्षामा सुधार गरेर किन नभोलि शैक्षिक हब बनाउने ?

हाम्रो शिक्षाको इतिहास त्यति लामो नभएपनि हामी शिक्षामा निकै प्रगति गरेका छौं। जे जस्तो प्रगति भएपनि सबैको मूल जरो गुणस्तरीय शिक्षा हो । नेपालमा निम्न शिक्षादेखि उच्च शिक्षासम्मका गिर्दो स्थिति एउटा चिन्ताको विषय हो । यसलाई समयमै रोक्नु पर्छ। यदि समयमै रोक्न सकेनौ भने भोलि हाम्रो शिक्षा प्रणाली अति कमजोर हुन जानेछ र आजभन्दा बढी विद्यार्थीहरू विदेशिन बाध्य हुनेछन्। शिक्षानै विकासको मूल जडो हो। शिक्षा गिर्दा प्रत्येक निकाय प्रभावित हुन थाल्छ। इतिश्री।

# आत्मनिर्भर अर्थतन्त्र निर्माणमा राष्ट्रपतिको जोड



**रासस**
**विराटनगर ।**
राष्ट्रपति रामचन्द्र पौडेलले स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिएका छन् । नेपाल उद्योग परिसङ्घ कोशी प्रदेशले विराटनगरमा शनिबार आयोजना गरेको उद्योगीहरूको भेला तथा प्रजातन्त्र सेनानी सम्मान समारोहको उद्घाटन गर्दै समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न उद्योगीव्यवसायीको महत्वपूर्ण भूमिका हुने बताए । कोभिड–१९ महामारीबाट शिथिल भएको अर्थतन्त्रलाई उन्नत बनाउन सरकारले गरेका प्रयासले केही सकारात्मक प्रभाव पारेको बताउँदै राष्ट्रपति पौडेलले भने, 'अपेक्षाअनुसार देशको अर्थतन्त्र सबल भएको छैन, रोजगारी सृजनालगायत आन्तरिक उत्पादन बढ्न सकेको छैनभने राजस्वका लक्ष्यप्राप्त गर्न कठिनाइ भएको छ । उद्योगधन्धा पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । उद्योग कलकारखाना सञ्चालनमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ ।' अर्थतन्त्र सुधारका लागि सरकारले तर्जुमा गरेको रणनीति, निजी क्षेत्रको सहयोग, विदेशी मुद्रा सञ्चिति, विप्रेषण वृद्धि दरका साथै शोधानन्तर बचत सकारात्मक भए पनि सन्तुष्ट हुने स्थान नरहेको बताउँदै उनले अर्थतन्त्रको सुधारका निम्ति सरकार निरन्तर लागेको आफूले पाएको उल्लेख गरे । नेपालमा कृषि क्षेत्रको रुपान्तरण र उद्योग व्यवसायको विस्तार गरी उत्पादन वृद्धि, रोजगारी सृजना गर्न, निर्यात प्रवद्र्धन र आयात प्रतिस्थापन गर्न, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन तथा गरिबी निवारण गरी आर्थिक विकासको बाटोमा सरकारको एक्लो प्रयास पर्याप्त नहुने भएकाले निजी क्षेत्रसँगको साझेदारी अपरिहार्य हुने राष्ट्रपतिले सुझाए । 'कूल लगानीमा दुई तिहाइभन्दा बढी लगानी भएको निजी क्षेत्रलाई विश्वासमा लिएर नीतिगत आधार निर्माण गर्न मौजुदा नीति र कानुनहरुको समीक्षा गरी नयाँ नीति र ऐन निर्माण गर्ने, निजीक्षेत्र मैत्री ऐन, कानुन परिमार्जन गर्ने काम वर्तमान सरकारबाट हुन जरुरी छ', राष्ट्रपति पौडेलले भने । राष्ट्रपतिले संविधान प्रदत्त भूमिका निष्ठपूर्वक पालना गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा कुनै आँच आउन नदिने प्रतिबद्धता व्यक्त गरे । कोशी प्रदेशका प्रमुख परशुराम खापुङले देश विकासमा निजी क्षेत्रको अहम् भूमिका हुने भएकाले राज्यले उनीहरूको सहयोगको अपेक्षा गरेको बताए । साथै उनले उद्योगी र व्यवसायीको समस्या समाधानजमा राज्यले ध्यान दिनुपर्नेमा जोड दिए । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सरकारको सहयोगी अङ्गको रुपमा रहेका उद्योगी–व्यापारीले रोजगारी सृजनामा सघाएकामा आभार व्यक्त गरे । नेपाली कांग्रेसका केन्द्रीय सदस्य विजयकुमार गच्छदारले लोकतन्त्र र गणतन्त्रका लागि लामो सङ्घर्ष गरेका वर्तमान राष्ट्रपतिलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बचाई राख्न अभिभावकको भूमिका निर्वाह गरिहन आग्रह गरे । नेपाल उद्योग परिसङ्घ कोशी प्रदेशका अध्यक्ष भीम घिमिरेको अध्यक्षतामा भएको सो कार्यक्रममा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की, नेपाल उद्योग परिसङ्घका संस्थापक अध्यक्ष विनोद चौधरी, सङ्घका केन्द्रीय उपाध्यक्ष वीरेन्द्र पाण्डेले देशको आर्थिक विकासका निम्ति कृषि क्षेत्रलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिएका थिए ।

# सुशासन प्रवर्द्धन एवं सेवा प्रवाह सरकारको प्राथमिकतामा

**रासस**
**सुनसरी ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुशासन प्रवद्र्धन एवं सेवा प्रवाहलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताएकी छन् ।
नेपाल पत्रकार महासङ्घ सुनसरीले शनिबार धरानमा आयोजना गरेको कार्यक्रममा उनले लोकतन्त्रमा अभिव्यक्तिको स्वतन्त्रता भए पनि संविधानको मर्मविपरीत बोल्ने छुट कसैलाई नभएको बताए ।
मन्त्री शर्माले वर्तमान सरकारले जनताका अपेक्षाअनुरुप काम गरिरहेको बताउँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन चाँडो टुङ्ग्याइने जानकारी दिइन् । उनले सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम सबै दलसँग सहकार्य, सहमति र छलफल गरेर टुङ्ग्याइने बताइन् ।
मन्त्री शर्माले सञ्चार क्षेत्रमा पनि अन्य व्यापार व्यवसायमा जस्तै आर्थिक सङ्कट देखिएको भन्दै सञ्चार क्षेत्रलाई छुट दिने सोचमा सरकार रहेको बताइन् । त्यसअवसरमा पत्रकारहरूले पत्रकार प्रज्ञाप्रतिष्ठान गठन गर्न माग गर्दै मन्त्रीसमक्ष ज्ञापनपत्र बुझाएका थिए ।

# विपीनको रिहाइका निम्ति प्रयास जारीः मन्त्री



**रासस**
**काठमाडौँ ।**
परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले प्रजातन्त्र पुनःस्थापनापछि नेपाली पत्रकारिता क्षेत्रमा क्रान्तिकारी परिवर्तन आएको बताएका छन् । न्यूज लाइन्स मिडियाको आठौँ वार्षिकोत्सवका अवसरमा शनिबार आयोजित 'समुन्नत नेपाल निर्माणमा सञ्चारमाध्यमको भूमिका' विषयको गोष्ठीमा उनले २०४७ सालदेखि नेपाली पत्रकारिता क्षेत्रमा ठूलो परिवर्तन आएको बताए । 'प्रजातन्त्र पुनःस्थापनापछि नेपाली पत्रकारिता संस्थागत भएको छ । प्रजातान्त्रिक मुलुकमा पत्रकारितालाई चौथो अङ्गका रुपमा राज्यले मान्यता दिएको छ' परराष्ट्रमन्त्रीले भने । उनले संविधान जारी गरेपछि तीनै तहको निर्वाचन गरेर सरकार लोकतन्त्रलाई सुदृढ तुल्याउन क्रियशील भएको बताए । उनले जलवायु परिवर्तनको मुद्दा र शान्ति प्रक्रियालाई टुङ्गो पु¥याएको विषयमा नेपालले विश्वसँग स्पष्ट ढङ्गले कुरा गरेको बताए ।
फरक प्रसङ्गमा परराष्ट्रमन्त्रीले आतङ्कवादी समूह हमासको अपहरणमा परेका विपीन जोशीको सकुशल मुक्तिका लागि सरकारले निरन्तर कूटनीतिक प्रयास गरिरहेको बताए । नेकपा (एकीकृत समाजवादी)का नेता एवं पूर्व स्वास्थ्यमन्त्री भवानीप्रसाद खापुङले राज्य सञ्चालनमा धेरै समस्या भएको भन्दै ती समस्या समाधान गर्न सरकार लाग्नुपर्नेमा जोड दिए । राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य देवेन्द्र प्रधानले समुन्नत मुलुक निर्माणको 'एजेण्डा' नेपाली सञ्चार माध्यमले उठाउनुपर्ने बताए । नेपाली जनसम्पर्क समिति, भारतका अध्यक्ष बालकृष्ण पाण्डेले विदेशिएका नेपालीको पीडालाई नेपाली सञ्चार माध्यामले गहन प्रस्तुत गरेकामा आभार व्यक्त गरे ।

# राष्ट्र उज्यालो बनाउने अभियानमा छौँः प्रधानमन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो तेस्रो कार्यकालमा समग्र राष्ट्रलाई नै उज्यालो बनाउने अभियानमा आफू जुटेको बताएका छन् । आफ्नो दोस्रो प्रधानमन्त्रीत्वकालमा काठमाडौँ उपत्यकामा विद्युतभार कटौती अन्त्य भएको भन्दै तेस्रो कार्यकालमा राष्ट्र उज्यालो बनायने अभियानमा लागेको बताएका हुन् । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले नेकपा माओवादी सरकारको नेतृत्वमा रहँदा सधैं जनपक्षीय काम गर्ने गरेको बताए । साथै उनले त्यसैको निरन्तरता स्वरुप अहिले मुलुकलाई पूर्णरुपमा उज्यालो बनाउने अभियानमा आफू लागेको बताए । उनले भने, 'देशमा समृद्धिका जति काम भएका छन्, तीमध्ये मुख्य काम हाम्रै पालामा भएका छन् । मैले तीनपटक सरकारको नेतृत्व गर्दा केही रणनीतिक महत्वका काम गरेको छु । तर हामीले गरेका



कामको जस लिन सकिरहेका छैनौं ।' प्रधानमन्त्रीले आफ्ना तीनवटै कार्यकालमा महत्वपूर्ण काम भए पनि त्यसको स्वामित्व लिन नसकिएको बताए । माओवादीले गरेको आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै जनतासँगको सम्बन्धलाई विस्तारमा पार्टी लागेको बताउनुभयो । उनले भने, 'पहिलो कार्यकालमा गरिब किसानको एक लाख रुपैयाँसम्मको ब्याज र तीस हजार रुपैयाँसम्मको साँवा नै मिनाहा गरियो ।
विकासका विशाल आयोजना सञ्चालन भए । प्रत्येक गाविसमा सहकारी निर्माण गरियो ।' पार्टीको तीनमहिने अभियानबाट जनआधार सुदृढ हुँदै गएको भन्दै आगामी फागुनमा विधान अधिवेशन गरेर पार्टीलाई नयाँ ढङ्गले अघि बढाइने पार्टी अध्यक्ष दाहालले बताए ।
माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले पार्टीबाट सञ्चालित तीनमहिने अभियानले जनतामा नयाँ ऊर्जा सञ्चार गरेको बताए । जनस्तरबाट उठेका मागलाई सरकारले सम्बोधन गर्नुपर्नेमा जोड दिँदै उनले सुकुम्बासी समस्या समाधानका निम्ति अनुभूत हुनेगरी काम गर्न सुझाव दिए ।

# कानुन निर्माणको प्रक्रिया झन्झटिलो भयोः आचार्य



"
*'आवश्यकता र औचित्यका आधारमा भन्दा पहुँच र प्रभावमा पारेर बजेट लगिन्छ । विधि र प्रणालीका आधारमा विकास र बजेट हुन्थ्यो भने 'माननीय'हरु मन्त्रालयका कोटा–चोटा धाउनु र मन्त्रीहरुका पछि लाग्नुपर्ने थिएन ।'*
***नारायणप्रसाद आचार्य, प्रतिनिधिसभा सदस्य***

- *पहुँच र प्रभावका आधारमा बजेट विनियोजन भयो*
- *राज्यको स्रोत र साधनमा न्यायपूर्ण वितरण भएन*
- *संसद पुरानै ढंगले अघि बढ्दा नतिजा प्राप्त हुन सकेन*
- *सरकारी संयन्त्रबाट अपेक्षाकृत काम हुन सकेन*

**काठमाडौँ ।**
नेकपा (एमाले)का नेता नारायणप्रसाद आचार्य विधायक भए पनि कानून निर्माणमा मात्र सीमित नभई जनताका विविध सरोकार, क्रियाकलाप र गतिविधिमा संलग्न हुनु पर्ने बाध्यता रहेको बताउँछन् । उनले संविधानले तीन तहको सरकारको परिकल्पना र कार्यविभाजन गरी स्रोत र साधन वितरण र कार्यान्वयन गर्ने सोच अघि सारेको भए तापनि कार्यान्वयनमा कमजोरी देखिएपछि सङ्घीय सांसदले विकास निर्माण र सामाजिक दायित्वको निगरानी पनि सम्हाल्नु परेको प्रतिक्रिया दिए । प्रतिनिधिसभा सदस्य आचार्यले भने, 'ठूला भनिएका, पहुँच र प्रभाव रहेकाहरुले आफ्नो क्षेत्र केन्द्रीत गरी बजेट विनियोजन गर्दै राज्यको स्रोत र साधनको दुरुपयोग गरेकाले पनि आफूहरुलाई अतिरिक्त जिम्मेवारीमा रहन बाध्य परिस्थिति बन्यो ।' राज्यको ढुकुटी र स्रोत साधनमा न्यायपूर्ण वितरण नभएका कारण सांसदहरु बाध्य भएर आफ्नो निर्वाचन क्षेत्रको विकास निर्माणका लागि संलग्न हुन तथा पहल र प्रयत्न गर्न लाग्नै परेको उनको भनाई छ । सांसद आचार्यले भने, 'आवश्यकता र औचित्यका आधारमा भन्दा पहुँच र प्रभावमा पारेर बजेट लगिन्छ । विधि र प्रणालीका आधारमा विकास र बजेट हुन्थ्यो भने 'माननीय'हरु मन्त्रालयका कोटा–चोटा धाउनु र मन्त्रीहरुका पछि लाग्नुपर्ने थिएन ।' कुलो बनाएपछि जसरी पानी कुलामा आफैँ बग्छ विधि र प्रणाली भएपछि राज्य पनि त्यसरी नै चल्नु पर्नेमा जोड दिँदै सांसद आचार्यले विधि, प्रक्रिया र प्रणालीलाई अनुशरण नगर्ने प्रवृत्तिलाई सच्याउन जरुरी रहेको विचार प्रकट गरे । उनले भने, 'कानूनको पालना नगर्ने हो भने अपेक्षाकृतरुपमा काम गर्न सकिन्न । अनि राज्य विकास निर्माणका साथै सुशासनका हिसाबले पनि धेरै पछाडि पर्छ ।' मानिस इमान्दार नहुने र निजी स्वार्थपूर्तिमा लागेपछि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धनमा चुनौती खडा भएको बताउँदै नेता आचार्यले माथिको मुहान र नियत नै स्वच्छ नभएपछि तल स्वच्छ हुने परिकल्पना गर्न नसकिने प्रतिक्रिया दिए । उनले भने, 'मन्त्रालय र माथिको जिम्मेवार तहबाटै सच्चिनुपर्छ । अहिलेको संरचना, विधि र प्रक्रियाले केन्द्रमा बस्ने सबै स्वार्थी हुन्छन् भन्ने तलको बुझाइ छ । माथि नै दूषित छ भने तल कसरी सफा हुन्छ ? यसमा समयमै सबै सचेत भएर असल विधि र प्रणाली स्थापित गर्नुपर्छ ।' सांसदहरुले अवसर र आफू अनुकूल विषयमा मात्रै ध्यान केन्द्रित गर्न थाले भन्ने जनताको बुझाइ रहेकाले आगामी दिनमा असल मनशाय र अभ्यासका लागि पहल र प्रखर आवाज राख्नुपर्नेमा उनले जोड दिए । उनका अनुसार पाल्पाको प्रमुख प्राथमिकताका क्षेत्र कृषि, स्वास्थ्य, खानेपानी, शिक्षा, सडकसहितका पूर्वाधार निर्माणका हुन् । सडकको पहुँलाई पालिका, वडा, टोल, विद्यालय र स्वास्थ्य केन्द्रसम्म पु¥याउने अभियान जारी छ । एक घर एक धारा कार्यक्रम पनि जिल्लामा प्रभावकारी रुपमा अघि बढिरहेको छ । तर सरकारले यी काम कुन तह र निकायले गर्ने भनी स्पष्ट नीति नल्याएका कारण केही अलमलमा भने परेको सांसद आचार्यको भनाइ छ । नेकपा एमाले निकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)मा सङ्गठित भई विसं॰ २०३९ बाट राजनीतिमा प्रवेश गरेका नेता आचार्य विसं २०५० मा नेकपा (एमाले) पार्टी सदस्य, विसं २०५४ मा पाल्पाकै रिङनेर गाविसं अध्यक्ष बने । विसं २०५५ मा जिल्ला कमिटी सदस्य, विसं २०६६ मा उपाध्यक्ष, विसं २०७३ मा अध्यक्ष, विसं २०७४ मा लुम्बिनी प्रदेशसभा सदस्य र पार्टी लुम्बिनी प्रदेश संगठन कमिटी सचिवालय सदस्य भएर काम गरिसकेको उनीसँग अनुभव छ । एक प्रश्नको जिज्ञासामा नेता आचार्य भन्छन्, 'परिवर्तनकारी शक्ति एक ठाउँमा रहनुपर्छ । अप्ठेरो पर्दा मात्रै एक ठाउँमा हुने समन्वय र सहकार्यको कमी देखिँदै आएका संस्कार र सस्कृतिमा सुधारको खाँचो छ । तथापी अन्तिम र अप्ठेरोमा एक ठाउँमा उभिने गरेको अभ्यास छ । भोलिका दिनमा पनि त्यो हुन्छ भन्नेमा विश्वस्तै छौं ।' उनका अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनमा गएपछि एक खालको विधि, प्रणाली र समन्वयमा फरकपन देखिएको छ ।
'नेकपा (एमाले)का अध्यक्ष केपी ओलीको सरकार रहेका बखत तत्कालीन सभामुखबाट समान व्यवहार देखिएन । मुख्य मान्छेबाट ठिक भूमिका निर्वाह र कानूनको पालना गरिएन । आफू जिम्मेवार नहुनु, हुन नदिनु र नदिने ढङ्गबाट निर्देशित हुनु यो सुखद पक्ष होइन । आगामी दिनमा त्यस्ता गतिविधिलाई न्यून गर्न सुझबुझपूर्ण, गलत परिपाटी सच्याउँदै जिम्मेवार ढङ्गबाट प्रस्तुत हुनुपर्छ । जिम्मेवार पक्षले संविधान, विधि र प्रणाली ठिक ढङ्गबाट अघि बढाएर भोलिका सन्ततिलाई इतिहास राम्रा पक्ष हस्तान्तरण गर्नुपर्छ ।' नेपालको संसदीय अभ्यास पुरानै भएकाले संसदलाई जनताको आवश्यकता र देशहितमा समग्र प्रणालीमा लैजान पथ्र्या॰ त्यो हुन नसकेको जनाउँदै नेता आचार्यले अहिले पनि संसद पुरानै ढङ्ग र मूल्यमान्यताबाट अघि बढेकाले नतिजा प्राप्त गर्न नसकिएको धारणा राखे । उनका अनुसार, कानून निर्माण प्रक्रिया पनि ज्यादै लामो र झन्झटिलो छ । कार्यान्वयन प्रक्रिया पनि पुरानै मूल्यमान्यताबाट बाहिर जान नसकि यथास्थितिमै रमाइरहेको छ । सरकारी संयन्त्रबाट अपेक्षाकृत काम हुन नसक्नु तथा सरकारले पनि समयमै आवश्यक कानुन निर्माण गर्नेभन्दा अनावश्यक विषयमा अल्झेर मुख्य दायित्वबाट उम्किरहेकै कारण एक वर्षमा एउटाभन्दा बढी कानुन बनाउन नसकिएको अवस्था हो । यो परिस्थितिले चिन्तित तुल्याएकाले आगामी दिनमा त्यसलाई सच्याउनुपर्छ । विकास र समृद्धिका हिसाबले नेपाल धेरै राम्रो र प्रचुर सम्भावना रहेको बताउँदै उनले सडक सञ्जाल र सञ्चार क्षेत्रमा छोटो अवधिमै निकै राम्रो प्रगति हासिल गर्न सकिएको प्रतिक्रिया दिए । उनले भने, 'देश र जनताको पक्षमा इमान्दार प्रयासका साथ हाम्रो इतिहास, स्वाभिमान, राष्ट्रियताप्रति गौरव गर्दै केही गरौँ भन्ने मान्यता र सोच बोक्नुपर्छ ।'

# इपिएसका लागि एक लाख ४३ हजार आवेदन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
कोरियन भाषा परीक्षा (इपीएस)का लागि एक लाख ४३ हजार जना भन्दा बढिले आवेदन दिएका छन् । वैदेशिक रोजगार विभागका इपिएस शाखा प्रमुख गुरूदत्त सुवेदीका अनुसार आवेदन दिने अन्तिम दिन शुक्रबार रातिसम्म एक लाख ४३ हजार आठ सय १२ जनाले भाषा परीक्षाका लागि आवेदन दिएका हुन् ।

अनलाइनबाट पनि आवेदन दिन सकिने व्यवस्था गरिएका कारण आवेदन दिनेको संख्या बढेको हुन सक्ने शाखा प्रमुख सुवेदीले बताए । इपिएसको लागि पुस २ गतेदेखि फारम खुला भएको थियो । गत साउनमा सञ्चालन भएको परीक्षामा अनुत्तीर्ण भएकाले समेत परीक्षा दिन पाउने हुँदा यसपालि परीक्षार्थीको संख्या एक लाख ७५ हजारसम्म पुग्न सक्ने विभागको अनुमान छ । गत साउनमा पानी जहाज निर्माणसम्बन्धि कामको लागि इपिएस परीक्षा भएको थियो । यसमा आवेदन दिएर अनुत्तीर्ण भएकाहरूलाई यसपटकको परीक्षामा सामेल नगर्ने गरी आवेदन खुलाइएको थियो । यो निर्णयविरुद्ध त्यसबेला अनुत्तीर्ण भएका १८ जना उच्च अदालत गएका थिए । अदालतले त्यसबेला अनुत्तीर्ण भएकाहरूले पनि यसपटकको भाषा परीक्षामा सहभागिता जनाउन पाउने निर्णय गरिसकेको छ । रोजगारीका लागि कोरिया जान सबैभन्दा पहिले भाषा परीक्षा पास गर्नुपर्छ ।

# मध्य पहाडी लोकमार्गको वैकल्पिक सडक आयोजना सञ्चालन

**रासस**
**म्याग्दी ।**
पूर्व–पश्चिम जोड्ने राष्ट्रिय गौरवको मध्य पहाडी लोकमार्गको वैकल्पिक मानिएको बेनी–दरवाङ–मुना–जलजला–ढोरपाटन सडकको मार्ग खोल्न र स्तरोन्नति गर्ने आयोजना सञ्चालन भएको छ । सङ्घीय सरकारमार्फत मार्ग खोल्ने र प्रदेश सरकारले स्तरोन्नति गर्न आयोजना सञ्चालन गरेका हुन् । बेनीदेखि दरवाङ– मुना–जलजला–ढोरपाटन हुँदै पूर्वी रुकुमको टकसेरा जोड्ने सडक निर्माण भएपछि मध्य पहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिने म्याग्दीको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । ‘बेनीदेखि मुना हुँदै खोरियासम्म ५० किलोमिटर सडकको स्तरोन्नति प्रदेश सरकारमार्फत र खोरियादेखि ढोरपाटनसम्म मार्ग खोल्ने काम सङ्घीय सरकारले सँगै अघि बढाएको छ,’ उनले भने, ‘धवलागिरि–२ खोरियामा तीन वर्षअघि पुगेको सडकलाई जलजलासँग जोड्न १९ किलोमिटर सडकको मार्ग खोल्न यस वर्ष सडक डिभिजन कार्यालय बाग्लुङले तीन करोड रुपैयाँको आयोजना अघि बढाएको छ ।’ पूर्वाधार कार्यालयमार्फत २४ किलोमिटर दूरीको बेनी–दरवाङ सडक कालोपत्र गर्न र ६ किलोमिटर दूरीको दरवाङ–धारापानी सडक ग्राभेल गर्न सञ्चालित आयोजना अन्तिम चरणमा पुगेको छ । गण्डकी प्रदेश सरकारले धारापानीदेखि ताकम हुँदै शिवाङ जोड्ने सडक कालोपत्र गर्न चालु आर्थिक वर्षमा २५ करोड रुपैयाँको आयोजना ठेक्का लगाउन लागेको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बताए । ‘म्याग्दीको रणनीतिक र मध्य पहाडी लोकमार्गको वैकल्पिक भएकाले बेनी–दरवाङ–मुना–जलजला ढोरपाटन सडकलाई प्राथमिकता दिएका छौँ,’ उनले भने, ‘शिवाङदेखि मच्छिम हुदै मुनासम्मको सडक कालोपत्र गर्न अर्को प्याकेजको आयोजना सुरु गर्छौं । मुना मरेनी हुदै ढोरपाटन जोड्ने सडकलाई व्यवस्थित बनाउन सङ्घीय सरकारमार्फत काम थालिएको छ ।’ दरवाङदेखि मुना हुँदै मरेनी जोड्ने २६ किलोमिटर सडक कालोपत्र गर्न गाउँपालिकाले एक अर्ब रुपैयाँ बजेट अनुमानसहितको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर प्रदेश सरकारसँग प्रस्ताव गरेको छ । पूर्वी रुकुमको टकसेरादेखि ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ । म्याग्दीका सरोकारवालाले खोरिया पुगेको सडकलाई ढोरपाटन हुँदै पूर्वी रुकुम जोडेर मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक मार्गका रुपमा यो सडकलाई प्रयोगमा ल्याउन लुम्बिनी प्रदेश र पूर्वी रुकुमका जनप्रतिनिधिसँग छलफल गरेका छन् । भौगोलिक रुपमा म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका बासिन्दा लाभान्वित हुने र दीर्घकालीन रुपमा राष्ट्रिय महत्व राख्ने सडकले धेरै वर्षको प्रयासपछि महत्व पाएको धवलागिरिका उपाध्यक्ष रेशम पुनमगरले बताए । ‘भू–बनोटको सहजता र दूरीको हिसाबले पनि मध्यमहाडी लोकमार्ग म्याग्दीबाटै विस्तार हुनुपर्ने हो’ उनले भने, ‘पछिल्लो समय वैकल्पिक सडक बनाउन भएको पहलले सार्थकता पाउन थालेको छ ।’ सडक यातायातसँगै पर्यटन विकासका हिसाबले पनि यो मार्गको आवश्यकता देखिएको उपाध्यक्ष पुनले बताए । पश्चिम म्याग्दीको ‘लाइफ लाइन’ मानिएको यो सडक खण्डलाई अहिले निकै चासोका साथ हेरिएको छ । मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वी रुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफ लाइन मानिएको यो सडकको बाँकी मार्ग खोल्ने, विस्तारसँगै मर्मत, स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा सरोकारवालाको चासो बढेको छ ।

# डिजिटल क्षेत्रमा प्रशस्त सम्भावना छः अर्थमन्त्री



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री डा.प्रकाशशरण महतले युवा पुस्तामा क्षमता, योग्यता, कल्पनाशीलता र समर्पणलाई सदुपयोग गर्ने माध्यमका रूपमा डिजिटल प्लेटफर्म स्थापित भएको बताएका छन् । यस क्षेत्रमा प्रशस्त सम्भावना भएको उल्लेख गर्दै उनले डिजिटल प्लेटफर्मले बिजनेसलाई मात्र होइन, हरेक क्षेत्रलाई अवसर दिएको बताएका हुन् । सिआइएन युथ इन्टरपेनियर फोरम नेपाल स्टार्ट अप फेस्ट २०२३ को उद्घाटन गर्दै अर्थमन्त्री डा. महतले भने, ‘डिजिटल प्लेटफर्मले बिजनेसलाई मात्र होइन, हरेक क्षेत्रलाई अवसर दिन्छ । जो उत्पादनमा लागेका छन्, उनीहरूले डिजिटल प्लेटफर्ममार्फत बजारमा सजिलै पहुँच पुर्याउन सक्छन् । न्यून खर्चमा आम्दानी बढाउन सक्नेछन् ।’ सरकारले आइटी नीतिलाई चालु आवको बजेटमार्फत व्यवहारिक कार्यान्वयनतर्फ लगेको उनको भनाइ छ । अर्थमन्त्री डा. महतले भने, ‘यसमा हामीले न्यूनमात्रै कर लगाउने व्यवस्था गरेका छौँ । त्यसबाट यो व्यवसायले फड्को मार्दैछ र नेपाल बाहिर पनि शुरुआत गर्न चाहन्छ, उनीहरूका लागि पनि आफूले कमाएको आम्दानीको केही हिस्सा बाहिर लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।’ राज्यले दिएको यो सुविधाले आइटी बिजनेस बढाउन मद्दत पुग्ने मन्त्री डा महतले बताए । उनका अनुसार यसले बिजनेस शुरु गर्न र वृद्धि गर्न मद्दत पुग्नेछ । आउँदा दिनमा आइटी नीति अझ सहज हुने जानकारी दिँदै मन्त्री डा महतले भने, ‘नेपाली युवालाई जुन क्षेत्रमा काम गर्ने मन छ, त्यसमा सरकारले कसरी सहजीकरण गर्न सरकार तयार छ ।’ नेपालको आर्थिक विकासमा सूचना प्रविधि क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको बताउँदै उनले भने, ‘अहिले ठूलो मात्रामा विदेश सफ्टवेयर निर्यात हुँदैछ । जसले गर्दा विभिन्न क्षेत्रको विजनेस व्यवसाय सहज हुँदैछ, लागत घट्दैछ । यसमा सरकारले सकेसम्म योगदान दिनुपर्छ ।’ यसको संस्थागत विकासमा युवा पुस्ताको महत्वपूर्ण भूमिका रहेकाले उनीहरूको पलयान रोक्न पनि थप प्रवद्र्धन गर्न जरुरी रहेको उनको कथन छ ।

# एक सय ६८ मुरी धान फलाएका दम्पती पुरस्कृत



**रासस**
**पाँचथर ।**
पाँचवटा खेतमा फलेको एक सय ६८ मुरी धान जोख्ने काम सकिएपछि पाँचथरको फाल्गुनन्द गाउँपालिका–१ लाक्सिबुङका मकरबहादुर बम्जनको घरमा बुधबार स्थानीयवासी, जनप्रतिनिधि र कर्मचारीको घुइँचो थियो । गलामा माला लगाएका मकरबहादुर अतिथिको सत्कारमै व्यस्त थिए । सबैलाई ‘एकछिन बस्न र चिया खाएर जान’ आग्रह गर्दैमा मकरबहादुरको समय बितिरहेको थियो । भान्सामा चिया र नास्ता पाक्दै थियो । मकरबहादुरको घरको आँगनमा मकैको थाङ्ग्रो पनि बडेमानकै थियो । घर वरिपरि कोदो टन्न फलेको थियो । टिप्ने समय बित्नै लागेको छ । फाल्गुनन्द–१ का वडाध्यक्ष होमप्रसाद आङदेम्बेसहित जनप्रतिनिधि र कर्मचारी सिकुवाको डिलमा बसेर ५६ वर्षीय मकरबहादुर र उनकी श्रीमती ६० वर्षीया टीकामायाको मेहनतको प्रशंसा गरिरहेका थिए । फाल्गुनन्द गाउँपालिकाले खाद्यबालीको उत्पादन बढाउन ५० मुरीभन्दा बढी धान फलाउने किसानलाई ३० हजार रुपैयाँ र एक सय मुरीभन्दा बढी धान फलाउने किसानलाई ५० हजार रुपैयाँबाट पुरस्कृत गर्ने घोषणा गरेको थियो । उक्त घोषणापछि मकरबहादुर गाउँपालिकाको कार्यालय पुगेका थिए । उनले आफूले एक सय मुरीभन्दा बढी धान फलाएको गाउँपालिका कार्यालयमा दाबी गरे । मकरबहादुरको दाबीपछि बुधबार जनप्रतिनिधि र कर्मचारी उनको घर पुगेका हुन् । मकरबहादुरले निबु खोलाको बेँसी र घर छेउको पाखाबारीमा फलाएको धान एक सय ६८ मुरी प्रमाणित भएपछि उनी औधी खुशी भए । मकरबहादुर दम्पतीले फाल्गुनन्द–७ को सिस्ने, काब्रेती, घरमुनी, करमबोटे र खोल्साइले गरी पाँचवटा खेतमा तीन मुरी चार पाथी बीउ रोपेका थिए । उक्त बीउबाट फलेकोमध्ये ३० मुरी धान उनले यसअघि नै बिक्री गरिसकेको बताए । त्यसैले उनले फलाएको धान एक सय ६८ मुरी मात्र गणना भयो । फाल्गुनन्द गाउँपालिकाको प्रशासन शाखाका प्रमुख निर्मल अधिकारीका अनुसार बम्जन परिवारले फाल्गुनन्दमा सबैभन्दा बढी धान फलाएको प्रमाणित भएको छ । मकरबहादुरले फाल्गुनन्दका इन्द्रनारायण आङदेम्बे, कालीदास चेम्जोङ, कर्ण चेम्जोङ, पञ्चबहादुर चेम्जोङ र भीमबहादुर आङदेम्बेको खेतमा खेती लगाउने गरेको बताए । गत मङ्सिर ७ गते ३० मुरी धान बिक्री गरिसकेपछि मात्रै धेरै धान फलाउनेलाई पुरस्कृत गर्न लागिएको थाहा पाएका थिए । ‘वडाध्यक्षले खबर गरेपछि गत मङ्सिर १३ गते गाउँपालिकामा गएर एक सय ८५ मुरी धान फलाएको जानकारी गराएको थिएँ’ मकरबहादुरले भने । विगतमा अन्नको अभावमा पाएको दुःख सम्झेर धान फलाउन कम्मर कसेर लागेको उनको भनाइ छ । ‘विसं २०५६ मा म सगोलको परिवारबाट छुट्टिँदा निकै दुःख पाएँ, दुई पाथी धान लुकाएँ । त्यतिबेला मेरो पाँचजनाको परिवार थियो’ उनले भने, ‘मेरो नाममा दुई रोपनी जग्गा छ । यसको उब्जनीले नपुगेपछि पाँचजनाको जग्गामा खेती गर्दै आएका छौँ । ३० मुरीभन्दा कम धान फल्ने कुनै खेत छैन ।’

मकरबहादुरले ती खेत बन्धकी, कुत र अधियाँमा लिएका हुन् । उनले मकैका लागि पाखो बारी अधियाँमा लिएका छन् । किसानलाई प्रोत्साहन गर्न पुरस्कृत गर्ने गाउँपालिकाको सूचना पाएपछि मकरबहादुरले धानका खलाखलामै कर्मचारीलाई बोलाएका थिए । तर सबै धान भेला पारेर जोख्न मन लागेपछि घर छेउको खेतको खलामा सबै धान जम्मा गरे । ‘धान जम्मा गर्न सात हजार खर्च भयो । धान झारे पनि पराल दाइँ गर्न भ्याएकै छैन’ उनले भने । बम्जन दम्पतीका तीन छोरा झापाको दमकमा बसोबास गर्छन् भने तीन छोरी विवाह गरेर गइसकेका छन् । तर धान फलाउन बम्जन दम्पतीले छरछिमेकीको साथ पाइरहेका छन् । ‘दुःख नभई सुख हुँदैन रहेछ ।

साथीभाइले मैले भनेको टार्दैनन्, नाइँ भन्दैनन्’, मकरबहादुरले भने । विसं २०६० सालदेखि धान खेतीमा लागिपरेको उनी बताउँछन् । पाखा खेतमा पानीको समस्या भए पनि निबु खोलाको बेँसीमा समस्या नरहेको उनले बताए । मकरबहादुर गाउँपालिकाले ५० हजार रुपैयाँ पुरस्कार दिएपछि ठूलो भैँसी किन्ने सोचमा छन् । ‘गाउँपालिकाले दिएको रकमले एउटा माउ भैँसी किन्ने योजना छ’ उनले भने । बम्जन दम्पतीले लामो समयदेखि बर्षेनि एक सय मुरीभन्दा बढी धान फलाउँदै आएको स्थानीयवासीको भनाइ छ ।

# एनएसएलको प्लेअफ समीकरण पूरा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल सुपर लिग (एनएसएल) को प्लेअफ समीकरण पूरा भएको छ । शनिवार त्रिपुरेश्वरको दशरथ रङ्गशालामा भएको लिग चरणको अन्तिम खेलबाट काठमाडौँ रेजर्स एफसी प्लेअफमा पुगेको हो । प्लेअफ पुग्ने अन्तिम टोली बनेको काठमाडौँले ललितपुर सिटी एफसीलाई १–० गोलले हरायो । काठमाडौँका लागि पहिलो हाफको इन्ज्युरी समयमा आन्द्रेस नियाले गरेको गोल निर्णायक बन्न पुग्यो । निकै प्रतिस्पर्धात्मक खेलको ७५औँ मिनेटमा काठमाडौँका अमित तामाङले रेड कार्ड पाउँदै बाहिरिए भने ललितपुरले त्यसको फाइदा उठाउन सकेन । काठमाडौँको जितले ८ खेलमा १० अङ्क भएर पनि गोल अन्तरका आधारमा झापा एफसी बाहिरिएको छ । यो जितसँगै काठमाडौँ ८ खेलमा १२ अङ्कसहित तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । यसअघि नै प्लेअफ पुगिसकेको ललितपुर यो हारले ८ खेलमा १० अङ्कसहित चौथो स्थानमा झरेको छ । ललितपुरको हारले धनगढी एफसीलाई फाइदा भएको छ । धनगढीले ८ खेलमा १३ अङ्कसहित दोस्रो स्थानमा रहेर क्वालिफायरमा स्थान बनाएको छ । पोखरा ८ खेलमा १५ अङ्कसहित शीर्ष स्थानमा छ । एनएसएलको क्वालिफायरमा सोमबार पोखरा र धनगढीबीच खेल हुनेछ । यो खेल जित्ने टोली फाइनलमा पुग्नेछ । यो खेल हार्ने टोलीले फाइनल प्रवेशका लागि आउँदो बिहीबार एलिमिनेटरको विजेतासँग खेल्नेछ । एलिमिनेटरमा मङ्गलवार ललितपुर र काठमाडौँबीच खेल हुनेछ ।

# भारतमा चिसोसँगै वायु प्रदुषण बढ्यो

**एएनआई**
**नयाँदिल्ली ।**
भारतको उत्तरी भूभागमा बाक्लो कुहिरो तथा वायु प्रदुषणको प्रभाव बढ्न थालेपछि राजधानी नयाँदिल्लीको आकाश र जमिनको दृश्य कमजोर बनेको छ । यहाँको तापक्रममा एक्कासी कमी देखिएको छ । भारतीय मौसम विभागका अनुसार शनिबार न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस र पालममा १२.२ डिग्री सेल्सियस मापन गरिएको छ । नयाँदिल्लीमा चिसो बढ्दा, न्यानोको लागि आगो बाल्ने र ताप्ने गरेका दृष्यहरू देखिएका छन् । साइकल चालक तथा पैदल यात्रामा निस्किएका स्थानीयले शनिबार तापक्रममा उल्लेख्य गिरावट आइ चिसो अत्याधिक बढेको बताएका छन् । स्थानीयले शनिबार एएनआईसँगको प्रतिक्रियामा भनेका छन्, ‘चिसो अत्याधिक भएकाले पैदल यात्रा गर्न गाह्रो भइरहेको छ । कुहिरो तथा प्रदूषणले नियमित पैदल यात्रामा समस्या बढेको छ । प्रदुषणका कारण हुने स्वास्थ्य समस्याहरूबाट बच्न मास्क लगाएर बाहिर निस्किरहेका छौ ।’

दिल्लीको समग्र वायु गुणस्तर सूचकाङ्क गुणस्तरीय मौसम पूर्वानुमान तथा अनुसन्धान प्रणाली अनुसार शनिबार बिहान वायुको गुणस्तर ‘निकै खराब’ रेकर्ड गरिएको थियो । भारतको मौसम विज्ञान विभागका अनुसार बिहीबार राजधानीको न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियसमा रेकर्ड गरिएको थियो । राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीले यसअघि उत्तरी भारतको न्यूनतम तापक्रम आगामी तीन दिनमा २–३ डिग्री सेल्सियसले बढ्न सक्ने बताएको थियो । हरियाणामा विद्यालय बिदा

यसैबीच हरियाणा सरकारले शनिबार आगामी जनवरी १ देखि १५ सम्म सबै सरकारी तथा निजी विद्यालयहरूमा जाडो बिदा गर्ने घोषणा गरेको छ । हरियाणा मुख्यमन्त्री कार्यालयको आधिकारिक ट्वीटर अनुसार शीतलहर आउने सम्भावनालाई मध्यनजर गर्दै यो निर्णय आएको हो । प्रशासनका अनुसार ‘बढ्दो चिसोलाई ध्यानमा राख्दै, हरियाणा सरकारले सन् २०२४ जनवरी १–१५ सम्म राज्यका सबै सरकारी र निजी विद्यालयहरूमा जाडो बिदाको घोषणा गरेको छ । यस अवधिमा सबै विद्यालयहरू बन्द रहनेछन् ।’ पञ्जाब, हरियाणा–चण्डीगढ–दिल्लीका अधिकांश भागहरूमा न्यूनतम तापक्रम ४–८ डिग्री सेल्सियसको दायरामा रेकर्ड गरिएको भारतीय मौसम विभागले जनाएको छ ।

# कोभिड सङ्क्रमितको संख्या ५२ प्रतिशतले वृद्धि

**एएनआई**
**नयाँदिल्ली ।**
पछिल्लो चार हप्तामा कोभिड–१९ का नयाँ सङ्क्रमितको संख्या ५२ प्रतिशतले वृद्धि भएको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले जनाएको छ । डब्लुएचओले जारी गरेको पछिल्लो प्रेस विज्ञप्तिमा भनिएको छ, ‘पछिल्लो २८ दिनमा कोभिड सङ्क्रमितको मृत्यु संख्या आठ प्रतिशतले कमी आई विश्वभर कूल तीन हजारभन्दा बढी थप मृत्यु भएको छ । डिसेम्बर १७ सम्ममा कोभिड–१९ शुरु भएयता विश्वभर ७७ करोड २० लाखभन्दा बढी सङ्क्रमित पुष्टि भएका छन् भने करिब ७० लाख कोभिड सङ्क्रमित व्यक्तिको मृत्यु भइसकेको छ । कोभिड–१९ का एक लाख १८ हजार भन्दा बढी नयाँ अस्पताल भर्ना भएका र एक हजार छ सयभन्दा बढी नयाँ सघन उपचार कक्ष (आइसियु) मा भर्ना भएका डब्लुएचओले जनाएको छ । डब्लूएचओले मानिसहरूलाई उपलब्ध सबै उपकरणहरू प्रयोग गरेर सङ्क्रमण र गम्भीर रोगबाट बच्न उपायहरू अपनाउन सल्लाह दिएको छ । यसमा भीडभाड, बन्द वा हावा नचल्ने ठाउँमा मास्क लगाउने, अरूबाट सुरक्षित दूरी कायम गर्ने, श्वासप्रश्वाससम्बन्धी नियम पालना गर्ने, खोक्दा र हाच्छ्युँ गर्दा नाक मुख छोप्ने, नियमित रूपमा हात सफा गर्ने, कुनै लक्षण देखिएमा वा कोभिड–१९ वा इन्फ्लुएन्जा भएको व्यक्तिको सम्पर्कमा आएको भए परीक्षण गर्ने जस्ता विषय समावेश छन् ।

# सीताको माइती जनकपुरबाट भार पठाउने तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतको अयोध्यामा निर्माण गरिएको राममन्दिरको प्राणप्रतिष्ठाको दिनमा रामको ससुराली अर्थात् सीताको जन्मभूमि जनकपुरबाट विशेष भार पठाउने तयारी गरिएको छ । जानकी मन्दिरको महन्थ राम तपेश्वर दास र उत्तराधारी महन्थ राम रोशन दासलाई राम जन्मभूमि तीर्थ क्षेत्रले विशेष निमन्त्रणा पठाएपछि जनकपुरबाट समेत भार पठाउने तयारी गरिएको हो । जनकपुरधामस्थित जानकी मन्दिरको अगुवाईमा जनकपुरधाम अयोध्या भार यात्राको माध्यमले भार पठाइने जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिए । उनले निकै संघर्षपछि राम भगवानको मन्दिर निर्माण भएका कारणले सीताको माइतीको नाताले सम्पूर्ण जनकपुरबासी नै हर्षित रहेको बताए । उनले प्राण प्रतिष्ठाको दिनमा सारा हिन्दुहरु नै हर्षित रहेको अवस्थामा जनकपुरबासीमा समेत उत्साह देखिएको बताए । जनकपुर र अयोध्याबीचमा रहेको सम्बन्ध निकै प्राचीन रहेको र यसलाई जीवन्त मनाउन त्यसदिनमा विशेष भार लिएर जाने जानकारी दिए । जनकपुरबाट जाने भार जनवरी ६ अर्थात पुस २१ गतेका दिन अयोध्या पुर्याइने छ । भारमा विभिन्न प्रकार कपडाका साथै विभिन्न मिठाई तथा पकवान रहने उत्तराधिकारी महन्थ दासले बताए । उनले जनकपुरधामबाट जलेश्वर नाथबाट हुलाकी सडक हुँदै मलंगवा (बलारा) बाट सिम्रौनगढ हुँदै गढीमाइ हुँदै वीरगंजमा रात्रिविश्राम गर्ने योजना रहेको बताए । भोलिपल्ट ७ बजे यात्रा प्रारम्भ हुने र वीरगंजको जानकी नगर गेट हुँदै बेतिया, कुशीनगर, सिद्धार्थनगर हुँदै गोरखपुर अयोध्यामा पुगेर रात्री विश्राम गर्ने कार्यक्रम रहेको उत्तराधिकारी महन्थ रोशनले जानकारी दिए । अध्योध्या पुगेको भोलिपल्ट ६ तारिखमा ९ बजे विधिवत राम जन्मभूमि राममन्दिर ट्रष्टलाई सम्पूर्ण भार हस्तान्तरण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए । जनवरी २२ तारिखमा भारतको अयोध्यामा निर्माण गरिएको नयाँ मन्दिरमा भगवान रामको प्रतिमाको पाण प्रतिष्ठा हुने कार्यक्रम छ ।

# मधेशमा बढ्यो जाडो, गरिब र विपन्नलाई गाह्रो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गर्मी महिनामा प्रचण्ड गर्मी र जाडो महिनामा अत्यधिक चिसो रहने मधेशमा दैविक प्रकोपको समस्या बेग्लै छ । जसमध्ये अहिले मधेशमा शिशिर ऋतुको आगमनसँगै चिसो बढ्ने क्रम जारी छ ।
चिसोयाममा शरीर छोप्न लुगाफाटाको आवश्यकता हुन्छ । शरीर छोप्न सिरक, डस्ना र ओछ्यान बिछ्यौना प्रबन्ध पनि त्यतिकै आवश्यकता हुन्छ । तर मधेशको राजधानीमै कतिपय बस्तीमा शरीर छोप्न लुगाफाटा र चिसोबाट जोगिनका लागि कम्बल, सिरकलगायत आवश्यक लुगाफाटा नहुँदा मुसहर समुदाय विच्चलीमा परेको देखिन्छ ।
निर्वाचनताका प्रायः नेता तथा प्रत्यासी उम्मेद्वार भोट रिझाउन मानिसलाई बाँन्ह चाहिने अत्यावश्यकतामाथि पनि राजनीति हुँदा अहिले गरिब, असहाय, निमुखा तथा सिमान्तकृत वर्ग चिसोयाममा बिचल्लीमा परेका छन् ।
निर्वाचनमा नेता तथा प्रत्यासी उम्मेद्वारले आफ्नो रोटी सेक्ने नाममा भोट रिझाउन विभिन्न दाउपेच लगाउँदै गरिब, दलित, पिछडिएका समुदाय तथा सिमान्तकृत वर्गका बस्तीमा पुगेर आश्वासन दिए पनि पूरा नगर्दा अहिले उनीहरूमाथि आलोचना गर्दै खनिएका छन् ।
नेताहरूले गरिब, दलित तथा सिमान्तकृत बस्तीमा रहेको झुपडीमा गएर गाँस, बास, कपास तथा रोजगार दिने आश्वासन दिए पनि निर्वाचित भएपछि नेताले माग पूरा नगरेपछि अन्योलमा परेको मुसहरहरू बताउँछन् । मुसहर बस्तीमा निर्वाचनताका नेताहरूले प्रतिबद्धताप्रति तीतो अनुभव रहेको भन्दै जनकपुरधाम उपमहानगरपालिका–२० का सुबोध माझीले भने, 'नेताहरू प्रत्येक निवार्चनमा आउँछन्, लोभ दिन्छन्, मत लिन्छन्, तर वाचा पूरा नगर्दा घरबारविहीनताको अनुभव छ ।'
जनकपुरधाम–२० स्थित बसहियाको मुसहर बस्तीका स्थानीय माझीले जाडो बढ्दा आगो ताप्र घुर प्रयोग गरी रात बिताउने गरेको बताए । बालबच्चालाई न्यानो लुगा किन्न पनि धौधौ परिरहेको छ । दिनभर काम गरी जोगाएर राखिएको रकमले बच्चाहरूलाई न्यानो लुगा किन्ने विचारमा रहेको उनी बताउँछन् । उनले



निर्वाचनका बेला नेता आउने जाने गरे पनि अहिले भने हामी कुन अवस्थाबाट गुज्रिहेका छौं, त्यसप्रति वास्ता नगर्दा दुःख लागेको गुनासोसमेत गरे । उनले भने, 'हामीलाई काम दिएमा हामी सबै आफ्नो घरपरिवार र बालबच्चालाई पढाउन लेखाउन पनि सक्नेथ्यौं ।'
विगतमा चुनावका बेला नेताले झुपडी हटाएर घर बनाइदिने भने पनि मधेश प्रदेश सरकारले बनाउन लागेको घर अहिलेसम्म पनि अधुरै छ । पक्की घरमा बस्ने आश मरे पनि झुपडीमै रहँदै आएका मुसहर समुदायहरू स्थायीरूपमा घर नहुँदा निकै कठिनाइका साथ रहँदै आएका छन् । आफ्नो नाममा जग्गाजमिन नहुँदाको समस्या एकातर्फ रहे पनि मौसमैपिच्छे समस्या आइरहन्छ । घरबारविहीन हुँदा वर्षायाममा ओत लाग्ने समस्या, जाडोयाममा शरीर छोप्न समस्या हुने गरे पनि जसोतसो दिन बिताउँदै आएका मुसहर बस्तीमा मुसहरहरु कष्टप्रदायक जीवन व्यतीत गर्न बाध्य छन् ।
त्यस्तै स्थानीय सेवक सदाले मौसमैपिच्छे हामीलाई हरेक वर्ष वर्षात, जाडो, हावाहुरीलगायत विभिन्न समस्या र चुनौती झेलेर भए पनि भगवान्भरोसे जिउन बाध्य रहेको बताउँछन् ।
उनले हाम्रो घर, बालबालिकालाई शिक्षादीक्षालगायतका खाद्यान्न तथा रोजगारीको आवश्यकता रहे पनि हामीलाई समाजले पनि वास्ता नगरेको दुःखेसो पोखे । उनले भने, 'हामी धेरै गरिब छौं, वर्षातको बेला, जाडोको बेला, हावाहुरी आएको बेला निकै नै कष्टपूर्णले घरमा ओत लागेर बस्नुपर्ने बाध्यता छ ।'
निर्वाचनताका नेता भोट माग्न आउँदा विभिन्न वाचा गरे पनि यहाँ न सडक बन्यो, न त घर बन्यो, तर अहिले हामी बिचल्लीमा परेका छौं ।
नेताले घरआँगनमै आएर लोभलालच, आश्वासन दिने गरेको स्मरण गर्दै सदाले भने, 'मधेश प्रदेश सरकारले विगतमा घर बनाइदिन्छु भनेर भन्यो तर घर पनि बनाइदिएन, बरु घरबारविहीन बनाएर बिचल्ली बनायो ।'
यता धनुषा क्षेत्र नम्बर ३ की प्रतिनिधिसभा सदस्य जुलीकुमारी महतोले जनताको समस्याप्रति गम्भीर रहेको बताइन् । उनले मुलुकमा तीन तहको सरकार रहेको र प्रत्यक्षरूपमा अनुभूति हुनेगरी स्थानीय तहको सरकारको भएको बताउँदै जनप्रतिनिधिले स्थानीय नागरिकको समस्या तत्काल पूरा गर्न अग्रसर हुनुपर्ने र यसका लागि आफूले पहल गर्ने उनले भनिन् ।
नेताहरूले लोकतन्त्रको अनुभूति गरे पनि जनताले यसको उपभोगसमेत गर्न नपाउँदा गरिब, असहाय, निमुखा जनता झनै पीडित हुनु दुःखद् रहेकाले आफूले फेरि पनि समस्यामा रहेका पीडित जनताको आवाजलाई उठाउने र समस्या समाधानका लागि पहलकदमी लिने बताइन् । मधेश प्रदेश सरकारले मुसहर बस्तीलाई केन्द्रित गर्दै झुपडीको ठाउँमा पक्की घर बनाइदिने भन्दै झुपडी भत्काएर पक्की घर बनाउने कार्य सुरु गरेको थियो । तर पक्की घर निर्माणका लागि कुर्सी खडा गर्दै भित्ता उठाउने कार्य गरेको थियो । तर घरको काम सुरु भएको तीन वर्ष बित्दा पनि घर बने बनेन । घर न बन्दा मुसहर बस्तीका समुदाय घाम, पानी, हावाहुरी र जाडोमा निकै कठिनाइका साथ बाँच्दै आएका छन् ।

# जसपा अध्यक्ष गृहजिल्लामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आफ्नै गृहजिल्ला सप्तरीमा पार्टीभित्र विवाद देखिएपछि अध्यक्ष उपेन्द्र यादव सप्तरी पुगेका छन् ।
उनले गृहजिल्लामा देखिएको आन्तरिक विवाद मिलाउने बताइएको छ ।
जसपाको सप्तरी र पर्सामा असन्तुष्ट पक्षले समानान्तर जिल्ला कमिटी बनाएका थिए । पार्टीको आन्तरिक विवाद सतहमा आएपछि पटकपटक मिलाउन खोजिए पनि पार्टी सफल भएको थिएन । यसपटक विवाद मिलाउन अध्यक्ष यादव सप्तरी पुगेका हुन् । सप्तरीमा कार्यकारिणी सदस्य रेणु यादव र केन्द्रीय सदस्य शैलेन्द्र साहको अगुवाइमा उमेश यादवको नेतृत्वमा समानान्तर कार्य समिति बनेको थियो । जसपा जिल्ला समिति अध्यक्ष केदार यादव हुन् । उनको विपक्षमा उमेश यादवको नेतृत्वमा नयाँ कार्य समिति बनेको हो ।
यस्तै, जिल्लाहरुमा देखिएको विवाद समाधान गर्न जसपा मधेश प्रदेश समितिका अध्यक्ष रामबाबु यादवको संयोजकत्वमा कार्यदल पनि गठन भएको थियो ।
कार्यदलले पनि समस्या समाधान गर्न सकेन । बरु मधेश प्रदेश कमिटीसमेत पुनर्गठनको तयारीमा जसपा जुटेको छ । यसको पनि अधिकार अध्यक्ष यादवलाई नै दिइएको छ । यादवले दुवै पक्षका नेतासँग छलफल गर्ने छन् । समस्या समाधानका लागि प्रयास गर्नेछन् ।
केही दिनअघि अध्यक्ष यादव पर्सा पनि आएका थिए ।

# अनशनमा बसेका आरतीका परिवार 'फरार सूचीमा'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामकी आरती साह मृत्यु प्रकरणमा उनका परिवार न्याय माग्दै महिनौंदेखि काठमाडौँमा अनशनमा छन् । तर प्रहरीले भने अभियुक्त बनाएको छ ।
आरतीको न्यायका लागि महिनौंदेखि अनशन बस्दै आएका उनका परिवारमाथि नै प्रहरीले अभद्र व्यवहारको मुद्दा लगाउँदै परिवारलाई फरार अभियुक्त बनाएको पाइएको हो । उनीहरुविरुद्ध फरार अभियुक्तको सूचीमा राखेर पक्राउ पूर्जी समेत जारी भएको छ ।
असार २० गते तत्कालीन सिडिओ काशिराज दाहालको नाममा काटिएको मुद्दा पत्रमा आरती साहका मामा सन्तोष कुमार साह, उनका बुवा विनोद प्रसाद साह, उनकी आमा निर्मला साह, उनकी बहिनी मनिषा साह र उनका भाई प्रेम साहमाथि अभद्र व्यवहारको मुद्धा लगाएर पक्राउ पुर्जी जारी भएको हो ।
केही महिनाअघि न्यायका लागि भौंतारिँदै गर्दा जिल्ला प्रहरी कार्यालय धनुषामा उनीहरुमाथि कुटपिट गरी उल्टै मुद्दा लगाएको आरोप आरतीका मामा सन्तोष साहको छ । मनिषासहित सपरिवार धनुषा प्रहरीका तत्कालीन एसपी विश्वराज खडकाको निर्देशनमा जिल्लाभित्रै कुटपिटमा परी अभद्र व्यवहारको मुद्दा लगाएको पाइएको हो ।
पुरानो मितिमा अभद्र व्यवहारको मुद्दा चलाएर उनीहरुमाथि पक्राउ पूर्जी जारी गरेको बताइएको छ ।
प्रहरीले पटकपटक उनको गाउँमा उनीहरुलाई पक्राउ गर्न गएको र फेला नपरेको भन्दै फरार अभियुक्त समेत बनाएर यातना दिएको आरोप परिवारजनको छ । विगत केयौँ महिनादेखि घाम,पानी, असिना, शितलहर, चिसोमा आरतीको परिवार न्याय माग्दै काठमाडौँमा अनशन बसिरहेका छन् ।

# कनकपट्टी क्रिकेट टिमलाई उपाधि



**श्रीनारायण साह**
**जनकपुरधाम ।**
नेपाली पत्रकारिताका भीष्म पितामह, प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी राजेश्वर नेपालीको स्मृतिमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ बेलामा आयोजित महामना राजेश्वर नेपाली टि–२० क्रिकेट प्रतियोगिताको फाइनल खेलको उपाधि धनुषाको कनकपट्टी क्रिकेट टिमले हासिल गरेको छ । कनकपट्टी र महोत्तरीको सहोरवा क्रिकेट टिमबीच भएको खेलमा कनकपट्टी क्रिकेट टिम ५१ रनले विजयी हुँदै ट्रफी हासिल गरेको छ ।
टस जितेर पहिले ब्याटिङ गरेको कनकपट्टी क्रिकेट टिमले प्रस्तुत गरेको १ सय २३ रनको लक्ष्य पछ्याउने क्रममा सहोरावा क्रिकेट टिम ६८ रनमै अल आउट भएपछि कनकपट्टी क्रिकेट टिमको जीत दर्ज भएको हो । खेलमा म्यान अफ दि म्याच कनकपट्टी क्रिकेट टिमका विपीन यादव, म्यान अफ दि सिरिज सहोरवा टिमका अमित यादव, बेस्ट बलर बेला क्रिकेट टिमका गोविन्द साह र बेस्ट फिल्डर खुर्सेद राइनलाई घोषित गरिएको छ । दुधमती युवा क्लब जनकपुरधाम–२३ बेलाको आयोजनामा भएको १६ दिवसीय प्रतियोगितामा धनुषा तथा महोत्तरीका १६ क्रिकेट टिमको सहभागिता थियो ।
प्रतियोगितामा विजयी हासिल गरेको विजेता कनकपट्टी टिमलाई ५५ हजार ५ सय ५५ रुपैयाँ र उपविजेता सहोरवा टिमलाई २५ हजार ५ सय ५५ रुपैयाँ, प्रमाण पत्र र कप मधेश प्रदेश सरकारका खेलकुद तथा समाजकल्याण मन्त्री सुरिता कुमारी साह र जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ का वडा अध्यक्ष राघवेन्द्र प्रसाद साहले प्रदान गरे ।

# प्रदेश सभा बैठक आह्वानको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विषयत समितिको बैठकले तयार पारेको दुई वटा मस्यौदामा छलफलका लागि प्रदेशसभा बैठक आह्वानको तयारी भएको छ ।
प्रदेशसभामा विषयगत समितिको बैठकले महिला, बालबालिका तथा सामाजिक न्यायसम्बन्धी मस्यौदा र यातायात सम्बन्धी मस्यौदामाथि छलफल गरी प्रदेशसभामा पेश गरिने सभामुख रामचन्द्र मण्डलले बताए ।
उनले प्रदेशसभाको बैठकमा तयारी अवस्थामा रहेको मस्यौदालाई पेश गर्नुअघि दुईवटै मस्यौदामाथि दफावार छलफल गरिएको बताए । सभामुख मण्डलले पुस मसान्तमा तीनदिनसम्म बैठक आह्वान गर्ने विषयगत समितिमा छलफल भएको बताए ।
पुस २१, २२ र २३ गते बस्ने प्रदेशसभा बैठकमा महिला, बालबालिका तथा समाजिक न्यायसम्बन्धी तयार पारिएको मस्यौदामाथि दफावार छलफल गरिने बताइएको छ ।

# क्लबद्वारा तीन पुरस्कार प्रदान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रामानन्द युवा क्लबले विभिन्न विधामा पुरस्कार प्रदान गरेको छ । भाषा साहित्यमा विद्यापति स्मृति पदक पुरस्कार मैथिली साहित्यकार सभाका प्रेम विदेह ललन र सरस्वती राजनारायण कला पुरस्कारबाट गायक, संगितकार तथा क्लबका पूर्वअध्यक्ष अनिल मिश्रलाई पुरस्कृत गरेको छ ।
साथै क्लबका पूर्वअध्यक्ष तथा प्रदेश सांसद दिपेन्द्र ठाकुरले खेलकुद क्षेत्रका लागि आफ्नो बुबाआमाको नाममा घोषणा गरेको वशिष्ठ चन्द्रकला पुरस्कार युवा क्रिकेटर हरिशंकर साहलाई प्रदान गरिएको छ । उनी मधेश प्रदेश क्रिकेट टिमका कप्तान हुन् ।
उनको नेतृत्वको टिम केहीदिन पूर्व मात्र पोखरामा केपी ओली कपको उपाधि जितेको थियो ।
तीनवटै पुरस्कारको राशी २१ हजार रुपैयाँ रहेको छ ।
क्लवका अध्यक्ष शशि भूषण झा आशुतोषको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधिसभा सदस्य जुली महतो, पूर्वराज्यमन्त्री डा. सुरेन्द्र यादव, जनकपुरधाम वडा नम्बर ८ का अध्यक्ष दिनेश सिंह, क्लबका उपाध्यक्ष सन्तोषमान सिंहसहित पदाधिकारी, पूर्व पदाधिकारी तथा पूर्वअध्यक्षसहित समाजका अगुवाको उपस्थिति थियो ।

# भ्रष्टाचारका २८ हजार उजुरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका स्थानीय तहमा सबैभन्दा बढी भ्रष्टाचारको उजुरी परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार, २८ हजार ६७ उजुरी परेका छन् । तिनमा १३ हजार १ सय ४२ अर्थात ५१.४२ प्रतिशत स्थानीय तहका छन् ।
मधेश प्रदेशको स्थानीय तहमा ३ हजार ७ सय ३७ उजुरी परेका छन् । लुम्बिनी प्रदेशमा १ हजार ८ सय ४८, बागमती प्रदेशमा १ हजार ७ सय ७७, कोशी प्रदेशमा १ हजार ६ सय ३०, कर्णली प्रदेशमा १ हजार ५ सय ८७, सुदूरपश्चिम प्रदेशमा १ हजार ४ सय ७२ र गण्डकी प्रदेशमा १ हजार ९२ उजुरी परेको अख्तियारले जनाएको छ ।
अख्तियार प्रमुख आयुक्त प्रेमकुमार राई स्थानीय तह भ्रष्टाचारको अखडा बन्दै गएको बताउँछन् । उनले उपभोक्ता समितिलाई क्षमताभन्दा बढी काम दिँदा भ्रष्टाचार बढेको किकिर गरे ।

# जसपा उपनेतामा सुमन

**मधेशदृष्टि**
**धनुषा ।**
जनता समाजवादी पार्टी(जसपा) नेपाल मधेश प्रदेशको प्रदेशसभा संसदीय दलको उपनेतामा मनिष सुमन चयन भएका छन् ।
जसपा नेता एवम् मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको निवासमा जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा शुक्रबार बसेको संसदीय दलको बैठकले सुमनलाई उपनेतामा चयन गरेको हो । जसपाका कार्यकारिणी सदस्य एवम् प्रवक्तासमेत रहेका सुमन प्रदेश सभामा समानुपातिक सदस्य छन् । नेपाल सद्भावना पार्टीबाट राजनीति यात्रा सुरु गरेका सुमन राजपा हुँदै जसपासम्म पुगेका हुन् । उनले २०७४ को चुनावमा सप्तरीबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । २०७९ मा उनी समानुपातिकबाट प्रदेशसभामा प्रवेश गरेका हुन् ।

**कमला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**माचि भिटकहिया, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**चालु आ.व. २०८०/०८१ को नगर सभा सम्बन्धी सूचना**

**श्री सभा सदस्य ज्यूहरु सबै,**
**कमला नगरपालिका, धनुषा ।**
प्रस्तुत विषयका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-४ को दफा १९ को उपदफा (२) बमोजिम चालु आ.व. २०८०/८१ को नगर सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा तोकिएको व्होरा सम्बन्धित सबैमा उपस्थितिको लागि सादर अनुरोध छ ।

**तपसिल**
**मिति : २०८०/०९/१५ गते, आईतबार**
**समय : आईतबार दिनको ११:०० बजे**
**स्थान : कमला न.पा.को सभाहल**

**नगर प्रमुख**

# पर्सा निकुञ्जद्वारा ६ जना जेल चलान



**मधेशदृष्टि ।**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जले बिना अनुमति हातहतियार, भरुवा बन्दुक सहित निकुञ्जभित्र प्रवेश गर्ने र सतिसालको रुख काट्ने ६ जनालाई पुर्पक्षका लागि जेल चलान गरेको छ ।
निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाको इजलासले निकुञ्जको कोर क्षेत्रभित्र अनुमति बिना हातहतियार, भरुवा बन्दुक र अन्य बन्दोबस्तीको सामानसहित प्रवेश गरेको कसुरमा २ जना र सतिसालको रुख कटान गरेको अभियोगमा ४ जनालाई पुर्पक्षका लागि बीरगंज कारागार पठाएको हो ।निकुञ्जले हेटौंडा उपमहानगर वडा नम्बर १३ का तिलकबहादुर थिङ्ग र वडा नम्बर १४ कालोपानी बस्ने राजीव घलानलाई भरुवा बन्दुक र हतियारसहित निकुञ्ज प्रवेश गरेको अभियोगमा नियन्त्रणमा लिएर पुर्पक्षका लागि थुनामा पठाएको हो ।
उनीहरुलाई भरुवा बन्दुक २ थान, फलामे छर्रा (गोली), बारुद र अन्य बन्दोबस्तीका सामान निकुञ्जको टोलीले नियन्त्रणमा लिएको थियो ।
नियन्त्रणमा लिएका थिङ्ग र घलानलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, दफा २६ उपदफा (६) अनुसार धरौटी बुझाउन नसकेपछि शुक्रबार पुर्पक्षका लागि थुनामा पठाइएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बताए । यसैगरी पर्सा राष्ट्रिय निकुञ्जको सिकारीबास पोस्टबाट खटिएको कर्मचारी र नेपाली सेनाको अर्को टोलीले अवैध रूपमा सतिश सालको रुख कटान गरिरहेको अवस्थामा ८ वटा गोलिया, ३ थान बन्चरो, १ थान आरा, टर्चलाइट र गोलाइ नाप्ने फित्तासहित ४ जनालाई नियन्त्रणमा लिएको थियो । साल प्रजातिको रुखमध्ये सतिसाल सबैभन्दा मूल्यवान मानिन्छ । यो दुर्लभ वनस्पति अन्तर्गत पर्दछ ।सतिसालको गोलाइसहित पर्साको जिराभवानी गाउँपालिका वडा नम्बर १ का सहदेव सकुल, हिरालाल मुखिया बिन, आसदेव मुखिया र जितेन्द्र मुखियालाई नियन्त्रणमा लिएर प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाको इजलासले शुक्रबार नै पुर्पक्षका लागि थुनामा पठाउन फैसला गरेको हो ।राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार ती चारजनालाईपनि वीरगन्ज कारागार पठाइएको निकुञ्जले जनाएको छ ।

# सामाजिक रुपान्तरणको लाभ महिलाले बढी पाएः सभामुख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले मुलुकमा भएको समाजिक रुपान्तरणको आन्दोलनको लाभ सबै भन्दा बढि महिलाहरुले पाएको बताएका छन् । उनले मुलकुमा भएको विभिन्न आन्दोलनबाट समावेशिता स्थापित भएको कारणले यसबाट महिलाहरुको हरेक क्षेत्रमा प्रतिनिधित्व बढेको जिकिर गरे ।
उनले महिलाहरु न्याय क्षेत्रमा समेत प्रवेश पाएको जिकिर गरे । मण्डलले संघीय लोकतान्त्रिक गणतन्त्रले महिलालाई आज एउटा न्यायाधीशको पदमा पु¥याएको बताए । उनले न्यायको क्षेत्रमा युगान्तकारी परिवर्तन भएर महिलालाई आज एउटा न्यायाधीशको पदमा पुऱ्याउन सफल भएको बताए ।'समाजिक रुपान्तरण कालागि महिला नेतृत्व, न्याय, समानता र पर्यावरणीय अधिकारको सुनिश्चितताः समाजिक रुपान्तरण सहित दिगो विकासमा निश्चितता' मूल नाराका साथ मधेश प्रदेश स्तरीय महिलावादी महिला मञ्च २०८० ले आयोजना गरेको कार्यक्रममा सभामुख मण्डलले भने, 'न्यायको न्यायधिश महिला हो । किनकी महिला विना संसार अधुरो छ । समाजलाई समृद्ध बनाउन विना सम्भव नभएकोले आजको परिवेशनमा महिला न्यायाधीश हो ।' हरेक स्थानीय तहमा ३३ प्रतिशतको आरक्षण, न्यायिक समितिको नेतृत्व महिलाले गर्नु, प्रदेश र प्रतिनिधिसभामा महिलाको आरक्षण हुनु उत्पिडन अन्त्य हुनुको उदाहरण रहेको मण्डलको भनाई थियो ।महिला नेतृत्व र समानताका लागि शिक्षामा समानता र नेतृत्वमा न्याय जरुरी रहेको बताउँदै विना आन्दोलन राजनैतिक, समाजिक, आर्थिक र सांस्कृति रुपान्तरण सम्भव नरहेको सभामुख मण्डलको भनाई
थियो ।
उनले भने, 'महिला महिलाको लिडर मात्रै बन्ने होईन, वरु सम्पुर्ण राज्य व्यवस्थाको लिडर बन्न सक्नुपर्छ । त्यसपछि मात्र समग्र नेता बन्न सक्छ । अन्यथा महिलाको मात्रै लिडरमा मात्रै सिमिति हुन्छ ।''एउटा नेतामा हुनुपर्ने समावेशिता, एकता र दुरदर्शिता लिडरको मुख्य भुमिकालाई लिएर हिडे मात्र नेता भईन्छ, अन्यथा महिलाको नेतामा मात्र सिमिति हुन्छ' मण्डलले भने । उनले दिनको अस्तित्व रात विना र रातको अस्तित्व दिन विना हुन नसक्ने भएकोले महिला विना पुरुष र पुरुष विना महिलाको कुनै अस्तित्व छैन् ।
महिला वा पुरुषको निषेध गरेर समाजक बन्दैन् त्यसैले महिला र पुरुष मिलेर समाज रुपान्तरणको अभियानमा लाग्नुपर्छ ।मधेश प्रदेश स्तरीय महिलावादी महिला मञ्च २०८० की अध्यक्ष श्यामा महतोको अध्यक्षतामा भएको कार्यक्रममा सभामुख मण्डलले समाजलाई समृद्ध बनाउन महिलाको अनिवार्यता र पुरुषको सक्रियता आवश्यक भएको बताए ।
उनले भने, 'संघीयत लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा संघीय समानता र न्यायको वकालत धेरैलाई मन नपरेकोले व्यवस्था विरोध भैरहेपनि हामीले त्यसलाई चिर्न जरुरी रहको बताए ।'
कार्यक्रममा प्रदेश सांसद, महिला मानव अधिकारकर्मी, प्रदेशका विभिन्न पालिकाका महिला मेयर तथा उपमेयर, वडाध्यक्ष, वडासदस्य सहित विद्यार्थीहरुको सहभागिता रहेको छ ।

# पूर्वपश्चिम ब्रोडगेज रेल मार्गले गति लियो



**मधेशदृष्टि**
**वीरगंज ।**
मुआब्जालगायतका विवादले केही समय सुस्ताएको पूर्वपश्चिम ब्रोडगेज रेल मार्गको कामले गति लिएको छ । विवाद समाधानपछि बर्दीबासमा अहिले दुई चरणको रेल मार्ग निर्माणाधीन छन् ।
बर्दीबास–निजगढ ७० किमी र बिजलपुरा बर्दीबास १७ किमी रेल मार्गको काम दुरत गतिमा भइरहेको छ ।
बर्दीबास–निजगढ खण्डका इन्जिनियर सुरेश साहका अनुसार यो खण्डमा अहिले बर्दीबासदेखि रौतहटको सन्तपुरसम्म धमाधम काम भइरहेको छ । यस खण्डमा पर्ने १६ वटा प्रमुख नदीमा रेलवे पुल निर्माणको काम करिब सम्पन्न भइसकेको छ भने एक सय जति साना पुल र कल्भर्टको काम पनि पूरा भएको छ ।
ट्र्याक बेस फिलिङ कार्यसमेत युद्धस्तरमा भइरहेको उनले बताए ।
सरकारले चालु आर्थिक वर्षका लागि यस खण्डमा ८० करोड रुपियाँ बजेट विनियोजन गरेको उनले जानकारी दिए ।
पूर्वपश्चिम रेल मार्गको अवधारणामा सन् २००८ देखि काम सुरु भए पनि डिपिआर, मुआब्जा समस्या र प्राविधिक कारणले यसअघि कामले गति लिन सकेको थिएन् । विवाद समाधानपछि निर्माण कार्यले अपेक्षित गतिमा अगाडि बढेको छ । त्यस्तै मुआब्जा विवाद र जग्गा अधिग्रहणका कारण महोत्तरीको बिजलपुरामा आएर अड्केको जयनगर–जनकपुर–बर्दीबास रेलवेको काम पनि अगाडि बढेको छ । यस खण्डका इन्जिनियर विनोद ओझाका अनुसार अहिले नेपाल–भारत ज्वाइन्ट सर्भेले बिजलपुरा–बर्दीबास १७ किमी खण्डमा जग्गा छुट्याउने र अधिग्रहणको काम सुरु गरेको छ ।
निर्माणको चरणमा यो सबैभन्दा जटिल काम हो । भारतीय सहयोगमा बन्ने यस खण्डमा पुलपुलेसादेखि माटो भर्ने कार्य पनि सुरु गरिएको इन्जिनियर साहले बताए ।

# प्रो क्लब क्रिकेटमा पर्सा–११ र पुलिसको जित




**मधेशदृष्टि**
**वीरगंज ।**
दोस्रो संस्करणको प्रो क्लब क्रिकेट च्याम्पियनसिप टी–ट्वान्टी प्रतियोगितामा पर्सा–११ विजयी भएको छ ।
वीरगंजको नारायणी रंगशालामा जारी प्रतियोगितामा पर्सा–११ ले वन्डर क्लब नोयडालाई ५ विकेटले पराजित गर्दै लगातार दोस्रो जित निकालेको छ ।जितसँगै पर्साले दुई खेलमा चार अंक जोडेको छ । लगातार दोस्रो खेलमा पराजित नोयडा अंकविहिन छ ।शनिबार नोयडाले प्रस्तुत गरेको १ सय २ रनको लक्ष्य पार्साले १९.२ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्यो ।पार्साका लागि पवन सराफले अविजित २७, अनिल शाह र हामिस अन्सारीले समान २१ र इमरान शेखले १४ रन बनाए ।नोयडाका लागि सञ्जिब चतुर्वेदीले दुई तथा दिवस रावत र कप्तान हर्षित सेथीले समान एक विकेट लिए ।त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेयडाले १९.५ ओभरमा सबै विकेट गुमाउँदै १ सय १ रनको योगफल तयार पारेको थियो ।
नोयडाका लागि अलिप्त गुप्ताले १९, हर्षित सेथीले १८, तरुन विष्टले १५ रितिक अरोराले १४ रन बनाए ।पर्साका लागि सइफुल्लाह अन्सारी र कप्तान सन्दीप लामिछानेले समान दुई तथा पवन सराफ, रुपेश सिंह र रन्जित कुमारले समान एक विकेट लिए ।पहिलो खेलमा पर्सा–११ ले भारतको युपी–११ लाई एक विकेटले पराजित गरेको थियो । यसैबीच प्रतियोगिता अन्तरगत शनिबारको पहिलो खेलमा नेपालपुलिस क्लबले पहिलो जितहातपारेको छ । नारायणी रङ्गशालामा भएको खेलमाभारतको युपी–११ लाई ६ विकेटले पराजितगर्दै पुलिसले पहिलो जितहातपारेको हो । यो जितसँगै पुलिसले दुई अङ्क बटुलेको छ । टस जितेर पुलिसले पहिले फिल्डिङ राजेपछि ब्याटिङमा उत्रेको युपी–११ ले निर्धारित २० ओभरमा सातविकेट गुमाएर ८८ रनको योगफल जोडेको थियो । युपी–११ का लागिलिखिलप्रतापे २४, जयदीप सिंहले १७, सुभमचौधरीले १५, भीमशर्माले ११ तथामन्थन प्रसादले १० रनको योगदानदिए ।
युपी–११कतीनजना खेलाडी रन आउट भएका थिए । भारतको युपी–११लाई कम स्कोरमा रोक्नपुलिसका सागर ढकाल र रसिदखानले समान २÷२ विकेट हातपारे । जबाफी ब्याटिङमा उत्रेको पुलिसले १४ दशमलव २ ओभरमा ४ विकेट गुमाएर लक्ष्य भेटायो । पुलिसकालागिशङ्कर राणाले अविजित ३१ रनको योगदानदिए भने कप्तानआसिफ शेखले २३ तथादिलीपनाथले २१ रनको महत्वपूर्णपारी खेले । पुलिसका सुनिल धमला ७तथाअर्जुन साउदशून्य रनमा आउट भए । भारतको युपी–११ का शाहनशा अहमदले २ विकेट लिए भने भीमशर्मा र असि अन्सारीले समान १÷१ विकेट हातपारे । खेलको प्लेयर अफ द म्याचपुलिसकाशङ्कर राणा घोषित भए । प्रतियोगितामा तीन विभागीय टोली आर्मी, पुलिस र एपिएफसहित पर्सा–११ तथा भारतको युपी–११ र वन्डर्स क्लब नोयडा सहभागी छन् ।सिंगल राउन्ड रोबिनको खेलपछि शीर्ष चार टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । लिगमा पहिलो र चौथो हुनेबीच पहिलो सेमिफाइनल हुनेछ भने दोस्रो र तेस्रो हुने टोलीबीच दोस्रो सेमिफाइनल हुनेछ ।प्रतियोगितायही पुस १४ गतेसम्म सञ्चालनहुनेछ ।

# प्लेअफ दौडबाट बाहिरियो वीरगंज



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सुपर लिग (एनएसएल) फुटबलमा बुटवल लुम्बिनी एफसीसँग वीरगंज युनाइटेड पराजित भएको छ । एफसीसँग पराजित भएसँगै वीरगंज युनाइटेड नेपाल सुपर लिग (एनएसएल)को प्ले अफमा पुग्न असफल भएको हो । शनिवार त्रिपुरेश्वरको दशरथ रङ्गशालामा भएको खेलमा बुटवलले वीरगंजलाई १–० गोलले हरायो । खेलको इन्ज्युरी समयमा बुटवलका चन्दन दासले गोल गर्दै बुटवलले सान्त्वना जित निकाल्यो ।
प्लेअफमा पुग्न वीरगंजलाई यो खेल जित्नैपर्ने थियो तर हारेर प्रतियोगिताबाट बाहिरियो ।
लिगको आफ्नो अन्तिम खेलमा जितसँगै बुटबल १० अंकका साथ पाँचौं स्थानमा उक्लिएको छ ।
हारसँगै वीरगंज ८ अंकसहित आठौं स्थानमा रह्यो ।

# एक लाख सहयोग गर्न जाँदा तीन लाख खर्च



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारी रकमको चरम दुरुपयोग गर्दै भूकम्प पीडितलाई सहयोग गर्न भन्दै बाराको परवानीपुर गाउँपालिकाको जम्बो टोली जाजरकोट पुगेको छ ।
गाँउपालिका अध्यक्ष राम क्षेत्री प्रसाद कुर्मीको नेतृत्वमा गएको गाँउपालिकाको टोलीले शुक्रबार जाजरकोटमै पुगेर भुकम्प पिडितहरुका लागि एक लाख रुपैयाँ सहयोग गरेको थियो ।शुक्रबार जिल्ला प्रशासन कार्यालय जाजरकोटमा प्रमुख जिल्ला अधिकारी सुरेश सुनारलाई परवानीपुर गाँउपालिकाको तर्फबाट एक लाख रुपैयाँको चेक प्रदान गरिएको टोलीमा सहभागी परवानीपुर गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले जानकारी दिए ।
प्राकृतिक विपत्ति भुकम्पबाट ठूलो जनधनको क्षति ब्यहोरेका जाजरकोटका भूकम्प पिडितहरुलाई केहि राहत होस् भनेर परवानीपुर गाँउपालिकाको तर्फबाट आर्थिक सहयोग गरिएको टोलीमा सहभागी नेकपा एमालेका मधेस प्रदेश सदस्य उमेश गुप्ताले बताए । बाराबाट आर्थिक सहयोग गर्न जाजरकोट गएको टोलीमा परवानीपुर गाँउपालिकाको न्यायिक समितिका सदस्य जगदीश साह, जिन्सी शाखा प्रमुख अजय कुशवाहा र योजना शाखा प्रमुख रुपेश मण्डलकोपनि सहभागीता थियो । भुकम्प प्रभावित क्षेत्रमा प्रधानमन्त्री राहत कोष तथा सिधै जिल्ला प्रशासन कार्यालयमा रकम पठाउन सकिनेभए पनि बाराबाट जम्बो टोली १ लाखरुपैया लिएर जाजरकोट पुगेको विषयलाई लिएर स्थानीयले आश्चर्य प्रकट गरेका छन् । पीडितलाई दिने राहत रकम भन्दा जनप्रतिनिधि र कर्मचारी जाजरकोट पुग्दा ३ गुणाबढी रकम खर्च गरेको विषय अलोचित भएको छ । भुकम्प पीडितलाई सहयोगको नाममा गाउँपालिकाको टोली पश्चिम नेपालको भ्रमणमा निस्किएको स्थानीयको आरोप छ ।



मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन